# पञ्चवर्षीय स्थानीय तह शिक्षा योजना

# अद्यावधिक–२०८२

## ताराखोला गाउँपालिका बागलुङ

## वि.सं. (२०८२ – ८६)

# शुभकामना

## मन्तव्य

संघिय शासन प्रणालीमा आधारभुत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई रहको छ। नेपालको संविधान र विभिन्न मार्गदर्शक कानुन र ताराखोला गाउँपालिकाको आवधिक योजना अनुरुप ताराखोला गाउँपालिकाको शैक्षिक योजना तर्जुमा गरिएको हो।

वास्तविक अवस्थाको पहिचानका आधारमा गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण, प्रमुख समस्याहरु चुनौती तथा अवसर, दुरदृष्टि, रणनीति र कार्यनीति समेत तयार गरी शिक्षाका विभिन्न क्षेत्रका योजना तर्जुमा गरिएको छ। योजना तर्जुमामा नेपालको संविधान, दिगो विकासका लक्ष्य, चालु पन्ध्रौ योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यविधि २०७५, दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि २०७५का प्रतिवद्धताहरु, ताराखोला गाउँपालिकाका नीति तथा कार्यक्रमहरु, शैक्षिक प्रतिवद्धताहरु लगाएतका आधारमा सरोकारवालाका राय सुझाव संकलन, योजना निमार्ण विस्तृत कार्यशाला, चरणबद्धरुपमा गरि सहभागितामुलक रुपमा यो योजना अद्यावधिक गरिएको छ। राजनीतिक दलमा प्रमुख तथा प्रतिनिधि, सम्पुर्ण विद्यालयका प्रधानाध्यापकहरु, प्रतिनिधि शिक्षक,गाउँशिक्षा समितिका पदाधिकारीहरु, सामाजिक विकास समितिका पदाधिकारीहरु, गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वडा शिक्षा समितिका पदाधिकारीहरु,शिक्षक अभिवावक संघका प्रतिनिधी लगायतका सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी योजनालाई सकेसम्म तथ्यमा आधारित र कार्यान्वयन योग्य बनाउने प्रयत्न गरिएको छ। जसरी यस योजना निर्माणमा सरोकारवालाहरुको आधिक र उद्देश्यमुलक सहभागिता रहेको छ। कार्यान्वयन चरणमा समेत सम्बन्धित सबैको साथ र सहयोग हुनेछ। यो योजनाको कार्यान्वयको लागि वार्षिक शैक्षिक विकास र मध्यमकालिन खर्च संरचना निर्माण गरी योजना र कार्यक्रम तथा बजेट विच उचित तालमेल मिलाइनेछ। यस योजनाले लिएका लक्ष्यहरुको कार्यान्वयनले राष्ट्रिय लक्ष्य पुरा गर्नका लागि सहयोग गर्ने अपेक्षा लिएको छु।

यस योजना निर्माणको लागि अग्रसरता लिने शिक्षा युवा तथा खेलकुद शाखा, सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरु, प्रतिनिधी शिक्षक, गाउँ शिक्षा समितिका पदाधिकारीहरु सामाजिक विकास समितिका पदाधिकारीहरु र गाउँकार्यापालिकाका सम्पुर्ण पदाधिकारीहरु लगायतका सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु। साथै योजनाको सोच कार्यन्वायनका लागि सबैको अपनत्वबोध, साथ सहयोग जवाफदेहिता रहने आशा लिएको छु।

२०८२ फागुन

धन बहादुर वि.क.
अध्यक्ष

# शुभकामना

## मन्तव्य

नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आधारभुत तथा माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । उक्त जिम्मेबारी अनुरुप विद्यालय शिक्षामा गुणस्तरीय शिक्षा र संघ संस्थागत सक्षमताको लागि ताराखोला गाउँपालिकाको प्रथम पञ्चवर्षिय शैक्षिक योजना निर्माण गरिएको छ ।

शिक्षा मानव जिवनको आधारशिला हो । दक्ष जनशक्तिको आधार विद्यालयीय शिक्षा भएकाले यसको व्यवस्थापन प्रभावकारी रुपमा हुन जरुरी छ । ताराखोला गाउँपालिकाले आगामि ५ वर्षको शैक्षिक लक्ष्य निर्धारण गरेर शैक्षिक योजना तर्जुमा गरेको छ । योजना तर्जुमामा शैक्षिक सरोकारवालाहरुको राय सुझाव संकलन पुराना निति तथा योजनाहरुको सिंहावलोकन गरि समस्याहरुको विश्लेषण गरी समाधानका लागि सबैको अपनत्व बोध सिर्जना गरेको छ । नेपालको संविधानका मार्गनिर्देशक सिद्धान्त, नागरिकका आधारभुत आवश्यकता परिपुर्ति सम्बन्धि निति, अनुसुची ८ मा रहेको स्थानिय सरकारको अधिकार सुची अन्तरर्गत आधारभुत र माध्यमिक शिक्षा, स्थानिय सरकार सञ्चालन ऐन २०७४ का आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था, दिगो विकासको लक्ष्य, प्रदेश सरकारको आवाधिक योजना, नेपाल सरकारको चालु पन्ध्रौ योजना र ताराखोला गाउँपालिकाले शैक्षिक विकासको लागि तयार गरेका विभिन्न नितिगत व्यवस्थालाई योजना तर्जुमाका आधारका रुपमा लिएको छ ।

ताराखोला शैक्षिक योजना ताराखोला गाउँपालिकाको शैक्षिक विकासको लागि पहिलो प्रयास हो । यसमा निहित कमी कमजोरीहरुलाई आगामि पञ्चवर्षिय योजनामा सुधार गरिने छ । योजना कार्यन्वयनका लागि वार्षिक कार्यक्रम, योजना, वजेट र अन्य साधन स्रोतको व्यवस्थापन गरिनेछ ।

अन्त्यमा यस योजना निर्माको लागि अग्रसरता लिने शिक्षा युवा तथा खेलकुद शाखा, प्रतिवद्धता दिने राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, कार्यन्वयनयोग्य बनाउन सहयोग गर्ने सम्पुर्ण विद्यालय का प्रधानाध्यापकहरु, प्रतिनिधि शिक्षक, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, सामाजिक विकास समितिका पदाधिकारीहरु र गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वडा शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिवावक सघंका प्रतिनिधि लगायतका सरोकारवालहरुलाई दिन चाहन्छु । साथै योजनाको कार्यन्वयनका लागि सबैको साथ सहयोग र सुभेच्छाको अपेक्षा गरेको छु ।

२०८२ फागुन

भिम बहादुर रोका
उपाध्यक्ष

# परिच्छेद-१

## स्थानिय तह शिक्षा योजना खाका

### १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य व्यवस्थाबाट सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ। जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन्। संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ। नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ। राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७० कार्यान्वयनमा आएको छ। वालवालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।
सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ। मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ। यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ। यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, पन्ध्रौँ आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं.२०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ। तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा ताराखोला गाउँपालिकाले समेत स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ बर्षे योजना निर्माण गरिएको छ।

### १.२ गाउँपालिकाको परिचय

#### १.२.१ ऐतिहासिक पक्ष

ताराखोला गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि गलकोट र पर्वत राज्यसँग जोडिएको छ। तत्कालिन पर्वत राज्य मध्यकालमा साविक धवलागिरि अञ्चलमा पर्दथ्यो। यस राज्यको अस्तित्व वि.सं. १४९३ देखि १८४३ सम्म रहेको र यसको सिमाना वर्तमान पर्वत,

बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाको दक्षिणी भागसम्म फैलिएको बुझिन्छ (थापा, २०६६: ५) । यही पर्वत राज्यबाट टुक्रिएर गलकोट राज्यको स्थापना भएको थियो ।

इतिहासकारहरुले दिएको जानकारी अनुसार प्राचीन समयको गलकोट भन्नाले पूर्वमा बिहुँको काठेखोला, पश्चिममा पाण्डवखानीको काभ्रेखोला, उत्तरमा म्याग्दी रुमको देउराली र दक्षिणमा गुल्मी मुसिकोटको निबुवाखोलासम्मको भूभागलाई जनाउँथ्यो । प्राचीन समयमा राजा जितारी मल्ल (वि.स. १६३१) देखि जगत बममल्लको समय (वि.सं.१८४४) सम्म यो भूभाग एउटा चौबीसे राज्यहरु मध्येको एक शक्तिशाली राज्यको रुपमा परिचित थियो भने त्यसपछि राजा भरतबम मल्लको समय (२०१७) सम्म पनि यो एउटा रजौटा अन्तर्गतको स्वतन्त्र राज्य थियो ।

राजनीतिक परिवर्तन सँगै प्रशासनिक र भौगोलिक सिमानामा पनि हेरफेर हुँदै आयो । वि.सं. २०१९ सालतिर जिल्ला  प्रशासन कार्यालय गलकोटबाट बहिर्गमन भयो । २०४६ सालको बहुदलीय प्रजातन्त्रको आगमनसँगै गलकोट क्षेत्र पनि तीनवटा क्षेत्रमा विभाजन हुनपुग्यो । यही विभाजनमा तत्कालीन अमरभूमी, अर्गल, हिल र तारा गाविस बागलुङ जिल्लाको क्षेत्र नं. १ अन्तर्गत पर्दथे । यो अवैज्ञानिक र अव्यवहारिक क्षेत्र विभाजनले समग्र गलकोट क्षेत्र नै विकासका दृष्टिले पछाडि परेको महसुस त्यहाँका जनताले गरेका थिए । यही असन्तुष्टीका बीच दसबर्से  माओवादीद्वन्द्वको प्रभाव समग्र गलकोटमा नै पर्‍यो । द्वन्द्वको सबैभन्दा बढी प्रभाव यिनै ताराखोला क्षेत्रका साविकका चारवटा गाविसमा पर्न गयो । यहीद्वन्द्व र जनचाहना अनुसार एकात्मक राज्य व्यवस्था नै परिवर्तन भइ संघीय राज्य व्यवस्थाको बहाली भयो । यही व्यवस्था अनुरुप ताराखोला क्षेत्रका तत्कालिन चारवटा निकाय वा गाविस मिलाएर एउटा स्थानीय तह ताराखोला गाउँपालिका निर्माण गरिएको हो ।

गाउँपालिकाको नामकरण ताराखोला गरिनुका केही कारणहरु छन् । गलकोट भन्नाले त्यस क्षेत्रका समग्र १४ वटा साविक गाविसहरुलाई जनाए जस्तै ताराखोला भन्नाले पनि त्यहाँका समग्र चार वटै साविक गाविसहरुलाई बुझिन्छ । भौगोलिक रुपमा पनि साविकको तारा गाविस आफैमा ठूलो गाविस हो । यही गाविसको नामलाई विस्तार गरी वर्तमान ताराखोला गाउँपालिकाको नामकरण गरिएको हो । सामाजिक रुपमा पनि सबै जाति र समुदायका मानिसहरु यो गाउँपालिका सबै वडाहरुमा बसोबास गर्दै आए पनि विशेष गरी साविकको तारा गाविसमा तरामी मगरहरुको बाहुल्यता रहेको पाइन्छ । यी तरामी मगरहरुको पहिलो आगमन डोल्पाको ताराभोट भन्ने स्थानबाट भएको हुनाले उनीहरुलाई तरामी मगर भनियो र उनीहरु बसोबास गर्ने स्थानलाई तारा भनियो भन्ने भनाइ त्यहाँका स्थानीय बूढापाकाहरुको छ । तसर्थ यिनै मगरहरु दरम खोला  (गाइघाट भन्दा माथिको जलाधार क्षेत्र) का किनारहरुमा बसोबास गर्दै आएको हुनाले यो क्षेत्रलाई ताराखोला भनिएको हो । त्यसैगरी प्राकृतिक रुपमा पनि ताराखोला सिपको माथिल्लो भागमा पर्ने डुडेलकको धुरीबाट तारा, हिल, अर्गल र अमरभूमीका सबै भागलाई समेट्दै बग्ने खोला हो । यही खोलालाई स्थान अनुसार ठूलो खोला, ताराखोला, गाइघाट, दरमखोला आदि नामले पनि चिनिन्छ । स्थान अनुसार नाम फरक भएपनि यो खोलाले त्यहाँका सबै वडाहरुलाई एउटै सूत्रमा बाँधेको हुनाले यही खोलाको नामबाट यो गाउँपालिककाको नाम ताराखोला रहन गएको हो भन्ने तर्क त्यहाँका स्थानीय जानकारहरुको रहेको छ (बिर्बलाल घर्ती मगर, अम्मर घर्ती मगर,  २०७४) ।

ताराखोलासँग जोडिएका गाउँवा ठाउँहरु अमरभूमी, अर्गल र हिलहुन् । अमरभूमी अर्गल गाविस बाट टुक्रिएर निर्माण भएको नयाँ गाविसको नाम हो । अमरभूमीको अर्थ कहिल्यै नमर्ने ठाउँ भन्ने हुन्छ । यसको पुरानो नाम माझखर्क वा बीचको गाउँ भन्ने अर्थ हो ।

त्यसैगरी अर्गलको अर्थ पनि पाल्पाको अर्गलीबाट केही मगरहरु आई बसोबास गरेको हुनाले यसको नाम अर्गल रहन गएको हो भन्ने बूढापाकाहरुको भनाइ छ। अर्को पुरानो हिलगाउँ पनि खुट्टाको पैतला जस्तो देखिने वा पहाडको बीचमा रहेका कारण हिल भनिएको हुनुपर्छ भन्ने अनुमान गरिएको छ। यिनै हिल, तारा, अर्गल र अमरभूमीको संयुक्तनाम नै वर्तमान ताराखोला गाउँपालिका हो।

### १.२.२ भौगोलिक अवस्था

नेपाल भित्रको नेपाल भनेर चिनिने जिल्ला बागलुङ हो। यही जिल्लाको मध्यभागमा रहेको सानो गाउँपालिका (गा.पा.) ताराखोला हो। यस गा.पा. को पूर्वमा काठेखोला गा.पा.पश्चिममा गलकोट नगरपालिकाको पाण्डवखानी, बडीगाड गाउँपालिका र ढोरपाटन नगरपालिका उत्तरमा म्याग्दी जिल्ला र दक्षिणमा गलकोट नगरपालिकाका हरिचौर तथा नरेठाटी पर्दछन्। यस गा.पा. को सबैभन्दा होचो भाग समुद्री सतहबाट करिब १४ सय मिटरदेखि सबै भन्दा अग्लो भाग डुँडेलेकको धुरी करिब ३५ सय मिटर उचाइमा रहेको छ। यसको औषत लम्बाइ १९०९१ मिटर र चौडाइ ८६५३ मिटर रहेको छ भने कुल क्षेत्रफल समग्रमा १२८.९२८८ वर्ग कि.मी. रहेको छ। समग्रमा ताराखोला गा.पा. को उचाइ, देशान्तर र क्षेत्रफल निम्नतालिका अनुसार रहेको छ।

तालिका

ताराखोला गा.पा. को उचाइ, देशान्तर र क्षेत्रफल

| वडा नं. | वडाकार्यालय रहेको स्थान | भौगोलिकउचाइ | अक्षाशं र देशान्तर | वडाको क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | जनप्रेम मा.वि.भुस्कात | १९७९.३४ मी. | २८.२७८५० उ., ८३.४४९००पू. | १६.३७३९ |
| २ | भातखाने डाडा, अर्गल | १९१५.० मी. | २८.२८३३० उ., ८३.४२७८०पू. | २३.७४१८ |
| ३ | हिलको घुस्मेली | १५२२.८० मी. | २८.२८०९० उ., ८३.४१९७०पू. | २३.१७०४ |
| ४ | नेपाल मा.वि. तारा ताराखोला | १७६९.० मी. | २८.३०९३० उ., ८३.४१२१०पू. | ६५.६४२७ (वडा न. ४ र ५) |
| ५ | करिमेला, ताराखोला | २०५१.४४ मी. | २८.३३५० उ. ८३.३७४७० पू. | |
| समग्र गाउँपालिकाको क्षेत्रफल वर्ग कि.मी. | | | | १२८.९२८८ |

स्रोतः स्थलगत अवलोकन र जिपिएस सर्भे, २०७४; तथ्याङ्क कार्यालय बागलुङ, २०७१।

### १.२.३ सामाजिक तथा साँस्कृतिक अवस्था

एउटै भूगोल, एउटै प्रकृति, साझा मनोविज्ञान र सामुहिक संस्कृतिलाई अवलम्बन गर्ने मानिसहरुको झुण्ड वा समूह नै समाज हो। सामाजिक एकताका संगठित र वैधानिक संरचना नै संघीयता हो। संघीयताको मूल मर्म नै सामाजिक र आर्थिक संमृद्धि हो। यही भावनाबाट उत्प्रेरित भइ संघीयताको अवधारण विकास भएको हो। संघीयताको जग भनेकै स्थानीय तह हो। स्थानीय तहको स्तम्भ भनेको भौगोलिक अवस्थिति र सामाजिक संरचना हो। संघीयतालाई पूर्ण कार्यान्वयन गर्न सामाजिक संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

ताराखोला गाउँपालिकाको सामाजिक संरचनालाई हेर्दा यहाँ केही जातीय उत्पीडन र वर्गीय असमानता हुँदाहुँदै पनि अनेकतामा एकता र एकतामा अनेकताको विशेषता भएको समाज यहाँ पाइन्छ । ताराखोला क्षेत्रमा विविध जाति, वर्ग, धर्म, संस्कार र पेशाका मानिसहरु हुँदाहुँदै पनि सबैको परस्पर साझा पहिचान भनेकै 'ताराखोले' भन्ने शब्द हो र 'हामी ताराखोले हौ' भन्ने भावना नै साझा मनोविज्ञान हो । यहाँ आफ्नै मौलिक पहिचान र सामाजिक सद्भाव भएका विभिन्नजाति, जनजाति र दलित समुदायको बसोबास रहेको छ । यहाँको मौलिक पहिचान भनेकै वंशाणुगत रक्तसम्बन्ध, आपसी वैवाहिक सम्बन्ध, मितेरी साइनो, आपसी श्रम विभाजन, श्रम साटासाट, हुद्दा, पर्मा, साझा देवीदेवताको थान–मन्दिर, पूजाआजा, साझा चाडपर्व र स्थानीय उत्पादनमा आधारित खाद्यान्न र घरेलु उत्पादनमा आधारित वस्तुहरु हुन् । यहाँ उत्पादिन खाद्यान्नहरुमा आलु, भाँगो, भट्टमास, मकै, जौ, उवा आदि पर्दछन् भने घरेलु वस्तुहरुमा डोको, डाली, सोली, काइयो, खुर्पेटो जस्ता वस्तुहरु पर्दछन् । यिनै वस्तुहरुको विनिमय गरी स्थानीय पहिचान दिनु, व्यवहारिक समस्या सुल्झाउनु र भ्रातृत्वको भावना विकास गर्नु यो क्षेत्रको मुख्य विशेषता हो । यो साझा सामाजिक सदभाव र स्थानीय पहिचानलाई जोगाइ राख्नु यो गाउँपालिकाको कर्तव्य र अधिकार दुबै हो ।

### १.२.४ आर्थिक अवस्था

कुनै पनि व्यक्ति, स्थानीय तह र राज्यको स्तर निर्धारण गर्ने आधार भनेको आर्थिक अवस्थाले हो । अर्थोपार्जन र आर्थिक अवस्थाको मूल्याङ्कन गर्ने आधारहरु भनेकै सामाजिक, साँस्कृतिक र मानवीय साधन र स्रोतको परिचालन हो । यिनै साधन र स्रोतको व्यवस्थित परिचालन हुननसक्दा कुनै पनि व्यक्तिवा राज्यव्यवस्था गरिब हुन पुग्दछ । नेपाल र नेपालीहरुको मुख्य समस्या भनेकै यिनै साधन र स्रोतको सही परिचालन गर्न नसक्नु हो ।

ताराखोला गाउँपालिका प्राकृतिक साधन र स्रोतले धनी क्षेत्र हो । यहाँफलाम, तामा, स्लेट आदि खानीहरु ल्गायत जल, जङ्गल र जमिनको प्रचुर मात्रामा सम्भावना रहेको छ । यी बाहेक पनि सामाजिक, साँस्कृतिक र मानवीय साधान र स्रोतको पनिकमी छैन । तर वर्तमान अवस्थामा यो गाउँपालिकाको शिक्षा, स्थास्थ्य, रोजगारी र प्रतिव्यक्ति आय अन्य स्थानीयतहको भन्दा कमी देखिन्छ । आर्थिक, सामाजिक, साँस्कृतिक र मानवीय साधन र स्रोतको सम्भावना हुँदाहुँदै पनि यहाँका मानिसहरुको आर्थिक अवस्था कमजोर हुनु भनेको यिनै साधन र स्रोतको व्यवस्थित परिचालन गर्न नसक्नु हो । पुरानो राज्यव्यवस्थाको परिवर्तन गर्नुपर्ने मुख्य कारण पनि यिनै साधन र स्रोतको परिचालन स्थानीयतह आफैले गर्न पाउने गरी अधिकार प्राप्त गर्नकै निम्तिहो । संघीय राज्यव्यवस्थाको मुख्य विशेषता भनेकै पहिचान र सामथ्र्यका आधारमा स्थानीयतहलाई सबै अधिकार प्रत्याभूत गर्नु हो । यहीअधिकारको उपयोग गर्नु स्थानीयतहको कर्तव्य हो ।

ताराखोला क्षेत्रमा प्रचुर सम्भावना हुँदाहुँदै पनि यसले विकासको गति लिन नसक्नुका मुख्य कारणहरु मध्ये केन्द्रीकृत एकात्मक राज्यव्यवस्था रशिक्षा, स्वास्थ्य, यातयात, रोजगारी लगायतका आधारभूत आवश्यकता माथि स्थानीय जनताको पहुँच हुन नसक्नु र अस्थिर राजनीतिक प्रणाली हो ।

यिनै समस्याहरुको सहज समाधान गर्नसकेमा अबको स्थानीय तहको भविष्य उज्ज्वल देखिन्छ । यी समस्याको समाधान गर्न सक्षम नेतृत्व, प्रशासनिक सुगमता, यातयातको सुविधा, प्राकृतिक साधन र स्रोतको सदुपयोग, सामाजिक र साँस्कृतिक पहिचानको उपयोग तथा मानवीय श्रमको व्यवस्थापन गर्न जरुरी छ ।

### १.२.५ शैक्षिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाँउपालिकाको साक्षरता दर ८२.१ प्रतिशत रहेको छ । लैंगिक हिसावले यो गाँउपालिकामा पनि विभेद रहेको देखिन्छ । जसमा यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८८.३ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ७६.४ प्रतिशतमात्र रहेको छ । हाल अध्ययन अध्यापनका लागि आधारभुत विद्यालय १५ र माध्यमिक विद्यालय ६ गरि जम्मा २१ वटा विद्यालयहरु रहेका छन् । साथै यस गाउँपालिकामा २१ वटा वालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् ।

गाउँपालिकाको शैक्षिक स्थितिलाई हेर्दा उच्च शिक्षा अध्ययनका लागि दिर्घकालिन योजना रहे पनि हालसम्म क्याम्पस संचालन हुन सकेको छैन। वडा नं.४ स्थित श्री नेपाल माध्यमिक विद्यालयमा पशु प्राविधिक धार (९ देखि १२) संचालित छ। हाल ६ वटा माध्यमिक विद्यालय जसमा १ देखि १२ सम्म संचालित विद्यालय ३ वटा रहेका छन्। । शिक्षा संग सम्वन्धित विवरण तल उल्लेखित तालिकाहरुमा प्रस्तुत गरिएको छ।

**विद्यालय र शिक्षण संस्थाहरूको विवरण**

| संस्थाहरू | प्रारम्भिक बाल विकास | प्रारम्भकि कक्षा १-३ | आधारभूत १-४ | आधारभूत १-५ | आधारभूत १-८ | माध्यमिक १-१० | माध्यमिक १-१२ | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| वडा.नं. १ | ६ | १ | ० | १ | ० | १ | १ | |
| वडा.नं. २ | ३ | ० | ० | ३ | ० | १ | ० | |
| वडा.नं. ३ | ६ | ० | ० | ३ | १ | ० | १ | |
| वडा.नं. ४ | २ | १ | ० | २ | ० | ० | १ | |
| वडा.नं. ५ | ४ | ० | ० | ३ | १ | १ | ० | |
| विद्यालयको प्रकार | | | | | | | | |
| सामुदायिक | २१ | २ | ० | ११ | २ | ३ | ३ | |
| नीजि | | - | - | - | | | - | - |

**शिक्षणको माध्यम**

| शिक्षणको माध्यम (भाषाका विषयहरूमा बाहेक) | प्रारम्भिक बाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| **नेपाली** | **नेपाली** | **नेपाली** | **नेपाली** | **नेपाली** | **नेपाली** | **नेपाली** |

### १.२.६ गाउँपालिकाको जनसंख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार ताराखोला गाउँपालिकाको जम्मा घरधुरी संख्या २३३७ र जनसंख्या १०१२० रहेको छ। उक्त जनसंख्यामा महिलाको संख्या १६१०१ र पुरुषको संख्या १३९६७ रहेको छ। गाउँपालिकाको जम्मा जनसंख्यामा पुरूषभन्दा महिला २१३४ जनाले बढी छन्। कूल जनसंख्यामा महिलाको प्रतिशत ५१.४ हुन्छ भने पुरुषको प्रतिशत ४८.६ हुन्छ। औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मि. ७८ जना बसोबास गर्ने देखिन्छ।

**स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०७८**

**तालिका नं १**

**वडा अनुसारको जम्मा जनसंख्या**

| क्र.सं. | गा.पा.को वडा नं. | क्षेत्रफल बर्ग मी. | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | १ | १९७९.३४ | १०१३ | ८७४ | १८८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २ | १९१५.० | १०६० | १०४६ | २१०६ |
| ३ | ३ | १५२२.८० | १०४७ | ९९६ | २०४३ |
| ४ | ४ | १७६९.० | ७६१ | ६७७ | १४२८ |
| ५ | ५ | २०५१.४४ | १३१७ | १३२९ | २६४६ |

**स्रोतः केन्द्रिय तथ्याङ्क विभाग ,२०७८**

गाउँपालिकाको कुल साक्षरता ८२.१ प्रतिशत रहेको छ। जसमध्ये पुरुष ८८.३ प्रतिशत र महिला ७६.४ प्रतिशत साक्षर रहेका छन्।

**१.२.७ गाउँपालिकाको शैक्षिक अवस्था**

**सञ्चालित शैक्षिक संस्थाहरू**

तराखोला गाउँपालिकामा २१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमध्ये २१ वटै सामुदायिक विद्यालय रहेका छन्। विद्यालय र समुदायमा आधारीत समेत गरी २१ बालविकास केन्द्र सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत क्याम्पस संचालनमा रहेको छैन ।।

तालिका नं २

शैक्षिक संस्थाको विबरण

| विवरण | जम्मा |
|---|---|
| बाल विकास केन्द्र | २१ |
| आधारभूत तह १-५ सञ्चालित | १३ |
| आधारभूत तह १-८ सञ्चालित | २ |
| माध्यमिक तह १-१० सञ्चालित | ३ |
| माध्यमिक तह १-१२ सञ्चालित | ३ |

# परिच्छेद २

## शैक्षिक अवस्था

ताराखोला गाउँपालिका शैक्षिक रुपमा मध्यम गाउँपालिका हो । यस गाउँपालिकाको सामुदायिक विद्यालयले प्रदान गर्ने शैक्षिक गुणस्तर र प्राप्त नतिजा सन्तोषजनक रुपमा रहेको छ । यहाँका विद्यालयबाट असल शिक्षा ग्रहण गरी थुप्रै प्रतिभाहरूले देश तथा विदेशका कुना कन्दरामा समेत राम्रो क्षमता प्रदर्शन गरिरहेका छन् ।यस पालिका क्षेत्रमा रहेका विद्यालय लगायत शिक्षा सँग सम्बन्धित संघ संस्थाहरू विद्यार्थी तथा सिकारुको पहुँचयोग्य क्षेत्रमै रहेका छन् ।

### २.१ साक्षरताको स्थिति

साक्षरताको अर्थ साक्षर हुनु अर्थात पढ्ने र लेख्ने क्षमताबाट सम्पन्न हुनु हो । पढाइ, लेखाइ र गणितीय ज्ञान हुनु पनि साक्षर हुनु हो । साक्षरता जीवनपर्यन्त सिकाइको पुर्वाधार हो । साक्षरता सिप हासिल गरिसकेपछि जीवनपर्यन्त सिकाइको समेत सुनिश्चितता हुन्छ ।यसले जीविकोपार्जनलाई दिगो बनाउन र सहभागीतामूलक क्षमताको गर्न विशेष भूमिका खेलेको हुन्छ । विद्यालय शिक्षा अर्थात औपचारिक शिक्षालाई साक्षरताले मुख्य आधारशिला समेत तय गर्दछ ।

गाउँपालिकालाई साक्षर र समुन्नत पालिलकाको रुपमा विकास गर्ने योजना मुताविक शैक्षिक योजना र दिगो विकासका लक्ष्य पुरा गर्नुपनि अपरिहार्य भएकोले साक्षरता घोषणा गर्न औचित्यपूर्ण भएबमोजिम यस पालिकालाई पुर्ण साक्षर पालिका घोषणा गरिसकिएको छ ।

### १.५ गाउँपालिकाको शैक्षिक अवस्था

**सञ्चालित शैक्षिक संस्थाहरू**

तारखोला गाउँपालिकामा २१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये २१ वटै सामुदायिक विद्यालय रहेका छन् । विद्यालय र समुदायमा आधारीत समेत गरी २१ बालविकास केन्द्र सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत क्याम्पस संचालनमा रहेको छैन । ।

तालिका नं २
शैक्षिक संस्थाको विबरण

| विवरण | जम्मा |
|---|---|
| बाल विकास केन्द्र | २१ |
| आधारभूत तह १-५ सञ्चालित | १३ |
| आधारभूत तह १-८ सञ्चालित | २ |
| माध्यमिक तह १-१० सञ्चालित | ३ |
| माध्यमिक तह १-१२ सञ्चालित | ३ |

**तालिका नं. ४**
**वडागत विद्यालय विबरण**

| संस्थाहरू | प्रारम्भिक बाल विकास | प्रारम्भकि कक्षा १-३ | आधारभूत १-४ | आधारभूत १-५ | आधारभूत १-८ | माध्यमिक १-१० | माध्यमिक १-१२ | उच्च शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| वडा.नं. १ | ६ | १ | ० | १ | ० | १ | १ | |
| वडा.नं. २ | ३ | ० | ० | ३ | ० | १ | ० | |
| वडा.नं. ३ | ५ | ० | ० | ३ | १ | ० | १ | |
| वडा.नं. ४ | २ | १ | ० | १ | ० | ० | १ | |
| वडा.नं. ५ | ५ | ० | ० | ३ | १ | १ | ० | |
| विद्यालयको प्रकार | | | | | | | | |
| सामुदायिक | २१ | २ | ० | ११ | २ | ३ | ३ | |
| नीजि | | - | - | - | - | - | - | - |

<u>**शैक्षिक सत्र-२०८१ मा विद्यालयहरूमा रहेका तहगत विद्यार्थी विवरण**</u>

**तालिका नं ६**

<u>**तपसिल**</u>

| विद्यालय | बाल विकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | ९२ | १०९ | २०१ | ३४६ | ३८७ | ७३३ | १९१ | २३२ | ४२३ | १४८ | १६१ | ३०९ | ८१ | ९८ | १७९ | ८५८ | ९८७ | १८४५ |

**स्रोत EMIS-२०८२**

२०८२ मा बालविकास तर्फ २०१, कक्षा १- ५ मा ७३३, कक्षा ६- ८ मा ४२३, कक्षा ९- १० मा ३०९ र कक्षा ११-१२ मा १७९ जना विद्यार्थी रहेका छन्।

तालिका नं ७

## शिक्षक विवरण

शिक्षक दरवन्दि विवरण २०८२

| क्र.स. | विद्यालयको नाम | वा.वि.के | प्रा.वि.(१-५) | | नि.मा.वि.(६-८) | | | मा.वि.(९-१०) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | स्वीकृत दरवन्दी | राहत | स्वीकृत दरवन्दी | राहत | अनुदान | स्वीकृत दरवन्दी | राहत | अनुदान | |
| १ | जनप्रेम मा.वि. | २ | ७ | ० | ३ | | | २ | २ | | २ |
| २ | अमर प्रा.वि.माझखर्क | १ | २ | २ | | | | | | | |
| ३ | प्रजातन्त्र वि. मा.वि. | २ | ८ | ० | २ | १ | | | १ | २ | |
| ४ | दुर्गाभवानी मा.वि. | १ | ९ | १ | | ४ | | | | ३ | |
| ५ | वराहखोला आ.वि. | १ | ५ | २ | | | १ | | | | |
| ६ | मालारानी आ.वि. | २ | ६ | ० | | | | | | | |
| ७ | अर्गल प्रा.वि. | ० | २ | १ | | | | | | | |
| ८ | वालकल्याण प्रा.वि. | १ | १ | ० | | | | | | | |
| ०९ | अमर प्रा.वि. सिले | १ | ३ | १ | | | | | | | |
| १० | अर्गल मा.वि अर्गल | १ | ९ | ० | ३ | | | | २ | १ | |
| ११ | सामुदायिक वि. प्रा.वि. | १ | २ | २ | | | | | | | |
| १२ | नेपाल मा.वि. | १ | ७ | ० | ४ | २ | | ४ | ३ | | ६ |
| १३ | काक्राखोर आ.वि. | १ | ३ | १ | | | | | | | |
| १४ | हरि मा.वि हिल | १ | ५ | ० | ३ | १ | | १ | ४ | | २ |
| १५ | जनता प्रा.वि. | १ | ४ | ० | | | | | | | |
| १६ | त्रिशुली प्रा.वि. | १ | १ | ३ | | | | | | | |
| १७ | दिपज्योति प्रा.वि. | १ | ४ | ० | | | | | | | |
| १८ | रिडी प्रा.वि. | ० | १ | १ | | | | | | | |
| १९ | लावाङ प्रा.वि. | १ | २ | २ | | | | | | | |
| २० | जुल्फे प्रा.वि | ० | १ | २ | | | | | | | |
| २१ | युवावर्ष प्रा.वि. | १ | २ | २ | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | २१ | ८४ | २० | १५ | ८ | १ | ७ | १२ | ६ | १० |

.

## १.३ गाउँपालिकाको शैक्षिक समस्या चुनौति र अवसरहरु

**क) शैक्षिक समस्या**

ताराखोला गाउँपालिकाले शिक्षा क्षेत्र सुधारको नीति लिई प्रयाप्त मात्रामा बजेट व्यस्थापन गर्दै कार्यान्वयनको दिशामा अघि बढेता पनि समस्याहरूबाट अछुतो रहन सकेको छैन। यस गाउँपालिकामा शिक्षा क्षेत्रमा केहि समस्याहरू देखिएका छन् ति निम्न अनुसार रहेका छन्:-

१) केही विद्यालयमा प्रारम्भिक बालविकासको पहुँच नहुनु,
२) बसाइँसराइको कारणले गर्दा विद्यालय भर्नादर कम हुनु ,
३) माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु,
४) शैक्षिक सुशासन कायम हुन नसक्नु, उच्चशिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु,
५) सङ्घीय तथा प्रदेश सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु,
६) विद्यालय व्यवस्थापन समितिले पूर्ण रुपमा शैक्षिक सुधारमा जोड नदिनु,
७) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणा अभिवृद्धि गर्ने माध्यमको विकास नहुनु,
८) शिक्षण पेशालाई गौरवान्वित पेशाको रुपमा आत्मसात गर्ने नीति लिन नसक्नु,
९) विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तार तर्फ बढि ध्यान दिनु,
१०) नियामक निकायहरूबाट पुरस्कार र दण्डको नीति अंगिकार गर्न पहलकदमी नचालिनु,
११) शिक्षकको वृत्ति विकास अवैज्ञानिक र अपारदर्शी हुनु साथै तालिमका प्रयाप्त अवसरहरू नहुनु,
१२) तल्लो तहमा भन्दा माथिल्लो तहमा मुख्य विषयको सिकाइ उपलब्धि कमजोर देखिनु,
१३) कक्षागत र विषयगत शिक्षक दरबन्दिको अभाव हुनु,
१४) शिक्षकहरूको पेशागत विकासका लागि हुने गरेका तालिमहरूको कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु,
१५) विभिन्न प्रकारका विपदहरूको समयमा शिक्षण र सिकाइलाई निरन्तरता दिनको लागि सूचना तथा सञ्चार प्रविधिको अभाव हुनु,
१६) विद्यालयहरूमा उपलब्ध भएका सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा पाठ्यसामग्रीको अधिकतम प्रयोग हुन नसक्नु,

१७) सबै विद्यालयमा अझै पनि विद्युत, इन्टरनेट तथा सूचना तथा सञ्चार प्रविधिका सामग्रीहरूको प्रभावकारी प्रयोग नहुनु,
१८) विद्यालय अनुगमन, निरीक्षण,सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु,
१९) कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको अवस्थामा पनि विविध भौगोलिक कठिनताको कारणले विद्यालय समायोजन तथा तह घटाउने कार्य हुन नसक्नु,
२०) पाठ्यक्रमले तोकेबमोजिम कक्षा १-३ तथा कक्षा ४-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न मापदण्ड भएता पनि परीक्षालाइ नै विद्यार्थी मूल्याङ्कनको अभिन्न अंग मान्ने प्रथा कायमै रहनु,
२१) योग्यता पुगेको र वर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुनु,
२२) प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु,
२३) सङ्घीय शिक्षा ऐन जारी नहुँदा नितिगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता हुनु।
२४) भौगोलिक कठिनाईका कारण विद्यार्थीहरु घण्टौ हिडेर विद्यालय आउनु पर्ने समस्याले गुणस्तर सुधार हुन नसकेको

**ख) चुनौतीहरू**

१) न्युन विद्यार्थी र न्युन शिक्षकबाट विद्यालय सञ्चालन गर्न,
२) उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्न,
३) विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्न,
४) शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्न,
५) शिक्षण सिकाइ पद्धतिलाई पुर्ण रुपमा व्यवहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउन,
६) कक्षा छाड्ने दर शुन्यमा झार्न,
७) अपेक्षित सिकाइ उपलब्धि प्राप्ती,शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न,
८) सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न,
९) सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्न,
१०) शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्न,
११) सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्न,
१२) शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्न,
१३) शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्न,
१४) विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्न,
१५) सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्न,
१६) भौगोलिक कठिनाईका कारण विद्यार्थीहरु घण्टौ हिडेर विद्यालय आउनु पर्ने समस्याले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आदि।

त्यसैगरी नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निसुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्ने , सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्न, विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन, बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न,बालबालिकाहरूको पोषण विद्यालय दिवा खाजालगायत सरसफाई तथा स्वच्छता आधारभुत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न, गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन, विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न, साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने जस्ता विषयहरू विद्यालय शिक्षाका चुनौतीका रूपमा रहेका छन्।

**ग) अवसरहरू**

बालबालिकाहरू शिक्षालाई मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएकोआधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु, जसमा ताराखोला गाँपालिकाले पनि आफ्नो स्थानीय पाठ्यक्रम तयार गरि आ.व. २०७९ बाट स्थानिय पाठ्यपुस्तक लागु हुने वातावरण तय हुनु, विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु, समावेशी सहभागितामा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तहसम्म सर्वसुलभ हुनु माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र सङ्घीय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु, ताराखोला गाउँपालिकामा शिक्षा क्षेत्र सुधारको लागि प्रयाप्त बजेटको व्यवस्था गर्नु, सङ्घीय सरकारले शसर्त अनुदान मार्फत सबै विद्यालयमा स्यानिटरी प्याड, दिवा खाजा, छात्रवृत्ती, पाठ्यपुस्तक तथा इन्टरनेट जडान कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गर्नु जस्ता महत्वपूर्ण विषयहरू ताराखोला गाउँपालिकाको शिक्षा क्षेत्र सुधार कार्यका लागि मुख्य अवसरहरू हुन् ।

# परिच्छेद-२
# नयाँ शिक्षा क्षेत्र योजना

## २.१ परिचयः

अधिल्लो परिछेदमा उठान गरिएका गाँउपालिका स्तरको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका शैक्षिक क्षेत्रमा देखिएका मुख्य चुनौती, समस्या र अवसर तथा सम्भावनाहरुले ताराखोला गाँउपालिकाको विद्यालय शिक्षाको आगामी ५ (पाँच बर्षे आवधिक शिक्षा योजना) का लागि मार्ग पहिचान तथा आधार तयार पारेका छन्। ताराखोला गाउँपालका स्तरमा रहेका शिक्षालयहरुको शैक्षिक गुणस्तरमा सुधार ल्याइ एक्काइसौ शताब्दीको वैज्ञानिक युगका निमित्त आवश्यक पर्ने सक्षमतायुक्त जनशक्तिको उत्पादन, विकास र ब्यवस्थापन गर्ने परिकल्पना सहित यो शैक्षिक योजना निमार्ण गरिएको छ । स्थानीय परिर्वतनात्मक सामाजिक मूल्य, मान्यता र सँस्कारको आत्मिकरण गर्न सक्ने स्तरको नागरिक निमार्ण गर्ने ध्येय राखेको छ। विद्यालयक्षेत्र योजनाले राखेका मुख्य उपलब्धिहरु अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा र जिवन पर्यन्त सिकाइहरु समेट्ने गरि योजनाका दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनितिहरु तथा प्रमुख उपलब्धिका सुचकहरुका आधारमा ताराखोला गाउँपालिकाको शैक्षिक योजना निमार्ण गरिएको छ।

### २.१.१ सन्दर्भ र औचित्य

नेपालको संविधानले संघप्रदेश र स्थानीय तह गरी , तीनतहको शासकीय स्वरूपलाई  कार्यान्वयनमा ल्याएको  छ। संविधानले तीनै तहबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सन्दर्भमा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकारको रुपमा समावेश गरेको तथा स्थानीय तहप्रदेश तह र सङ्घीय तहको , साझा अधिकारमा समेत शिक्षाको अधिकार प्रत्याभूत गरेको छ। संवैधानिक व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचका लागि नीति तथा योजनाको आवश्यकता पर्दछ। शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको आगामी शैक्षिक कार्यक्रमहरूलाई योजनावद्ध रूपमा सञ्चालन गर्नका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीतिनिर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्यांकन गर्नेकाम स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको उल्लेख गरेको छ। सामुदायिक, संस्थागत गुठी र सहकारीका विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ। गाभिएका, बन्द गरिएका विद्यालयहरूको सम्पती व्यवस्थापन गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पति अभिलेख, संरक्षण र व्यवस्थापन विद्यालयको गुणस्तर अभिबृद्धि तथा सामग्री पाठ्य सामग्रीको वितरण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेकोछ। त्यसैगरी विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ती व्यवस्थापन र ट्यूसनकोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा अनुमति र नियमनका कार्यहरू समेत स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको छ। यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन आय ब्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन शिक्षण सिकाइ,

शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन कार्यहरू स्थानीय तहको रहेको देखिन्छ।

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम स्थानीय सरकारको जिम्मेवारी निम्न अनुसार उल्लेख गरेको छ।

१) प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,
२) आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,
३) अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
४) निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,
५) अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
६) खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
७) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
८) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,
१०) गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
११) विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
१२) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
१३) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
१४) विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
१५) राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
१६) विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
१७) सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१८) आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
१९) स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,
२०) अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
२१) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
२२) सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
२३) विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
२४) शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
२५) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२६) विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२७) विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
२८) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

२९) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
३०) विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
३१) राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
३२) विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
३३) सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
३४) आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
३५) स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
३६) अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
३७) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,
३८) सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
३९) विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
४०) शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,
४१) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
४२) अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धि प्रतिवद्धता, दिगो बिकासका लक्ष्य सन् २०२२ भित्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नती हुने लक्ष्य लिएको छ।

मुलकु सङ्घीय संरचनामा गईसकेपछि बदलिँदो राजनीतिक परिवेश नेपालको संविधा,नले प्रत्यभूत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरू, प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्धेश्यहरू समेतको प्राप्तिकाका लागि योजना अपरीहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मुलभूत पक्ष स्थानीय सरकार सन्चालन ऐन २०७४ ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकारहरू समेतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता अपरिहार्यता र सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ।

यस अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन्। त्यसैले ताराखोला गाउँपालिकाले पनि सङ्घीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम पाँचवर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

## २.२ गाउँपालिकाको दीर्घकालीन सोच, ध्येय, उद्देश्य र रणनीतिहरू

### २.२.१ परिचय

दीर्घकालीन सोच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएका हुन्छन। नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ भने ताराखोला गाउँपालिकाको दीर्घकालिन सोच समृद्ध ताराखोला , सुखी तारावासी रहेको छ। सोहौं योजनामा सुशासन सामाजिक न्याय र समृद्धि दीर्घकालीन सोचको रूपमा उल्लेख रहेको छ भने शिक्षा नीति २०७६ मा "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" उल्लेख छ। सङ्घको शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोचलाई " आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान तय गरिएको छ। "गर्नेमाथि उल्लेखित दीर्घकालिक सोच (Vision) विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोचलाई पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणमा परिच्छेद १ मा उल्लेख गरिएका गाउँपालिकाभित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूलाई समेत मध्यनजर गरी ताराखोला गाउँपालिकाको यस पाँचबर्षे शिक्षा क्षेत्र योजनाले समेत निम्न अनुसारको दीर्घकालिन सोच र गन्तव्य तय गरेको छ।

### २.२.२.दीर्घकालीन सोच (Vision)

**ब्यवहारिक र प्रविधि मैत्री शिक्षा ताराखोलाको आवश्यकता, कृषि, पर्यटन, उद्योग र स्थानिय उत्पादन ताराखोलाको मौलिकता,**

### २ ३ ध्येय .२.(Mission)

प्राविधिक र वैज्ञानिक युगको आवश्यकतालाई सम्बोधन गर्न, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय अवसरलाई यथोचित उपयोग गरी गुणस्तरीय र प्रयोगात्मक शिक्षा मार्फत, सिर्जनशील, उत्पादनशील, सचेत तथा गाउँपालिकाप्रति गैरव गर्ने नागरिक विकास गर्ने।

### २.२.४ प्रमुख उद्देश्यहरू (Objectives)

यस गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतीहरूलाई सम्बोधन हुने गरि तयार गरिएको छ। सामान्यतया शिक्षा क्षेत्रका अधिकांशर समस्या तथा चुनौतीहरू एक अर्को गाउँपालिका, प्रदेश र राष्ट्रिय स्तर र सङ्घीय सरकारका एकै प्रकारका हुन सक्छन्। यस ताराखोला गाउँपालकिाको पाँच बर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ।

१. प्रत्येक बालबालिकालाई बालबिकास शिक्षामा पहुँच सुनिश्चित गर्ने

२. माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य, नि:शुल्क र प्रविधिमैत्री बनाउने,

३. पेसागत विकासका साथै विद्यालय व्यवस्थापन मार्फत सिकाई वातावरण निर्माण गर्ने

४. निरन्तर सिकाइ अभिवृद्धिका लागि नियमित रुपमा अनुगमन र विद्यार्थी मूल्याङ्कनपद्धतिको प्रयोग गर्ने,

### २.२.५ दीर्घकालीन रणनीतिहरू

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि यस योजनाका निम्नलिखित रणनीतिहरू निर्धारण गरिएको छ:

१. बालविकास केन्द्र नभएका गाउँपालिकाभित्रका विद्यालयहरुको पहिचान गर्ने

२. आधारभूत तथा माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाउने ।

३. विद्यालय शिक्षाको गुणस्तर र प्रविधिमा सुधार गरी विद्यालय शिक्षालाई समतामूलक र सबैको पहुँचमा केन्द्रित गराउने,

४. सम्पूर्ण बाल विकास केन्द्र र विद्यालयमा कक्षा व्यवस्थापन गरी सिकाई उपलब्धी अभिवृद्धि गर्नका लागि बालमैत्री र प्रविधिमैत्री बनाउने,

५. भौगोलिक रुपमा छरिएका विद्यार्थीका लागि पठन समय बृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्ने

६. निरन्तर शिक्षक पेसागत सहयोग तथा विकासका लागि संघ प्रदेश तथा स्थानीय तहको साझेदारीमा आवश्यकताको आधारमा शिक्षक तालिमको व्यवस्था गर्ने,

७. गाउँपालिका स्तरमा मूल्याङ्कन प्रणाली थप प्रभावकारी बनाई सकारात्मक सोच, दैनिक जीवनका लागि आवश्यक सक्षमता प्राप्त भएको, आधुनिक प्रविधिको प्रयोग गर्न सक्ने, निरन्तर सिकाइ प्रति प्रतिवद्ध साथै रोजगार उन्मुख नागरिक निर्माण गर्ने,

८. अनुगमन तथा निरीक्षण संयन्त्रको प्रयोग मार्फत् सबै विद्यालयमा नियमित रुपमा सुक्ष्म तरिकाले अनुगमन तथा निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गरिने,

**कार्यनिति**

यी रणनीतिक प्राथमिकतामा आधारित भई यस योजनाको कार्यान्वयनको लागि निम्न लिखित कार्यनीतिहरू तय गरिएको छः

१. बालविकास केन्द्र नरहेका विद्यालयहरूमा मापदण्डका आधारमा अनिवार्य रुपमा बालविकास केन्द्रको स्थापना गर्ने,

२. बालविकास केन्द्रमा सिकाई सामग्री र सूचना तथा संचार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन सहित भौतक सुविधा विस्तार गर्ने,

३. ;a} विद्यालयमा सूचना प्रविधिको विस्तार गरिने तथा प्रविधिको उच्चतम् प्रयोग गरी प्राविधिक शिक्षालाई व्यावहारिक, उत्पादनमूलक तथा रोजगारमूलक बनाइने,

४. सिकाइ सहजीकरणमा गुणस्तरीयता र सहजताका निमित्त प्रयाप्त शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको विकास, निर्माण, उत्पादन र वितरणमा स्रोत ब्यवस्थापन र परिचालन गर्ने,

५. सहज, असहज परिस्थितिमा समेत शैक्षिक क्रिmयाकलापमा सबैको पहुँच सुनिश्चित गर्ने,

६. साधारण तथा प्राविधिक तर्फ सवै विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको अवसर सुनिश्चित गर्ने ,

७. आवश्यकता अनुसार आवासीय विद्यालय र विद्यालय बसको व्यवस्थापन गरी गुणस्तरमा सुधार गर्ने

८. बालमैत्री विद्यालय निर्माणका लागि आवश्यक कार्यक्रम गर्ने

९. शिक्षा ऐन, नियमावली अनुकूल स्थानीय तहमा समेत शिक्षा ऐन, नियम निर्माण गरी निश्चित वैज्ञानिक र व्यावहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कन समेत गरी आवश्यकता अनुसार विद्यालय स्थापना, समायोजन तथा पुनःवितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चिता गर्ने,

१०. सबै सामुदायिक विद्यालयमा प्रत्येक हप्ताको शुक्रवारको दिन अनिवार्य रुपमा विद्यार्थीको बौद्धिक, शारीरिक तथा सामाजिक विकास हुने प्रकृतिका अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने,

११. ३ वर्षभित्रमा कक्षा ६ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गर्ने,

१२. सबै सामुदायिक विद्यालयमा विद्युत, इन्टरनेट, कम्प्युटर, इहाजिरी-, स्मार्टबोर्ड जस्ता उपकरण जडान गरी तिनको अधिकतम् प्रयोग मार्फत् विद्यालयलाई प्रविधिमैत्री बनाइने छ,

१३. शिक्षक पेसागत सहयोग समूह निर्माण गरी सबै सामुदायिक विद्यालयहरूमा कक्षा अवलोकन गरी नमूना कक्षा प्रदर्शन तथा पृष्ठपोषण प्रदान गरिने,

१४. आवश्यकता अनुसार शिक्षक तालिम सञ्चालन गर्ने

१५. राष्ट्रिय पाठ्यक्रम प्रारुप र स्थानीय पाठ्यक्रम अनुसार मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

१६. विद्यालय तहको परीक्षालाई स्तरीकृत रुपमा सञ्चालन गरी उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्ने,

१७. शैक्षिक गुणस्तर सुदृढीकरणको लागि विद्यार्थी, अ कर्मचारी तथा विद्यालयलाई नतिजाको आधारमा मूल्याङ्कन गरी/ प्रोत्साहन गर्ने,

१८. विद्यालय अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने

**अपेक्षित मुख्य उपलब्धीहरु**

यस पञ्चबर्षीय योजनाको अन्त सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. ५ वर्ष सम्मका सबै बालबालिकाहरू अनिवार्य रुपमा कम्तिमा १ वर्षको बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका हुने,

२. बाल विकास केन्द्र व्यवस्थापन भएको हुने

३. आधारभूत तह कक्षा १-३ का सबै कक्षा कोठा व्यवस्थापन भएका हुने

४. विद्यालयमा सिकाई सुधारका क्रियाकलापहरु सञ्चालन भएका हुने

५. माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुने,

६. सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालन भएको हुने

७. भौगोलिक दूरीका आधारमा विद्यालय बस सञ्चालन हुने

८. सबैशिक्षकहरू तालिम प्राप्त हुने,

९. प्रयाप्त शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको विकास, निर्माण, उत्पादन र वितरण हुने,

१०. विद्यार्थी मूल्याङ्कन पद्धतिको विकास र प्रयोग हुने,

११. आधारभूत तहमा पठन सिप विकासका लागि स्थानीय निकाय, शिक्षा सरोकारवाला, समुदाय तथा अभिभावकहरूको क्षमतामा विकास हुने,

१२. बालमैत्री विद्यालय निर्माणका निमित्त विद्यालयको शैक्षिक तथा भौतिक पक्षको उच्चतम प्रयोग भएको हुने,

१३. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाहरूको शिक्षाप्राप्त गर्ने अधिकारको सुनिश्तिता हुने,

१४. बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि प्रयाप्त क्रियाकलापहरू सञ्चालन हुने,

१५. सबै प्रकारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको अवसर प्राप्त हुने

# परिच्छेद -३

# शिक्षाका क्षेत्रहरु

## ३.१ परिचय

यो पाँच वर्षे शैक्षिक योजना ताराखोला गाउँपालिकाले विद्यालयको शैक्षिक सुधारका लागि निर्माण गरेको हो। यस योजनालाई विभिन्न क्षेत्र तथा उपक्षेत्रहरू निर्माण गरी व्यवस्थित गरिएको छ। योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। समीक्षाले आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद २ मा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ। यस परिच्छेद भित्रका उपक्षेत्र भित्र बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षाको पहिचान गरी चुनौती पहिचान गरिएको छ। पाठ्यक्रम तथा मूल्याङ्कन् र शिक्षक विकास जस्ता उपक्षेत्रसँग अन्तर विषयको वर्तमान अवस्था समीक्षा गरी चुनौती पहिचान गरिएको छ।

प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाको उद्देश्य, चुनौतीहरूको सामना गरी उद्देश्य प्राप्तिका लागि उपक्षेत्रगत रणनीतिहरू प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ। यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण मौलक अधिकार, निजी संरचना, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी प्रतिवद्धता, पन्ध्रौ योजनालाई समेत आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को

संरचनालाई समेत महत्वपूर्ण आधार मानिएको छ । यसैको आधारमा यस उपक्षेत्रहरूमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौती पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू प्रमुख नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.२ प्रारम्भिक बालविकास शिक्षा

### ३.२.१ परिचय

विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको शारिरिक, मानसिक, बौद्धिक, सामाजिक एबं संवेगात्मक विकास मार्फत उनिहरुलाई आधारभूत शिक्षाको लागितयार गराउनको लागि सञ्चालन गरिएको कार्यक्रम प्रारम्भिक बालविकास शिक्षा हो । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ एवं राष्ट्रिय शिक्षा नीति २०७६ मा चारवर्ष उमेर पुगेका बालबालिकाहरुका लागि एक वर्षको प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ । सोहि बमोजिम राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले आधारभूत सीप सिकाइ र विषयगत सीप सिकाइका क्षेत्रहरु निर्धारण गरी बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने र सिकाइको लागि आधारशिला खडा गर्ने लक्ष राखेको छ । नेपाल सरकारले बालविकास र शिक्षालाई औपचारिक शिक्षा प्रवेशको पहिलो र सबैभन्दा महत्वपूर्ण खुड्किलो मान्दै पन्ध्रौ योजनामा यस्को व्यवस्थित विकास सम्बन्धि कार्यक्रमहरु निर्धारण गरेको छ ।

ताराखोला गाउँपालिकाले पनि प्रारम्भिक बालविकास र शिक्षालाई थप व्यवस्थित रुपमा सुधार गर्न र गुणस्तरीय बनाउन योजनामा समाबेश गरी रणनितिक कार्यकलापहरु निर्धारण गरेको छ । नीतिगत प्रावधान र क्षेत्राधिकारभित्र रहि संघ र प्रदेश सरकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ–संस्था एबं दातृ निकायहरुसंग समन्वय गर्दै प्रारम्भिक बालविकास र शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता बृद्धि गरिने छ ।

### ३.२.२ वर्तमान स्थिति

हल ताराखोला गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरु जम्मा २१ वटा रहेका छन् जसमध्ये ४ ओटा समुदायमा आधारित र १७ वटा विद्यालयमा आधारित सञ्चालित रहेका छन् । गाउँपालिका भरी कूल २०१ बालबालिकाहरु बालबिकास केन्द्रमा सहभागि रहेका छन् । छात्राहरुको सङ्ख्या ९२ र छात्रहरुको सङ्ख्या १०९ रहेको छ ।

बालबिकास र शिक्षामा जम्मा २१ जना सहजकर्ता रहेका छन् । यि मध्ये १९ जना आधारभूत पेशागत तालिम प्राप्त छन् । २ जनाले तालिम प्राप्त गरेका छैनन् । न्यूनतम शैक्षिक योग्यता प्राप्त २० रहेका छन् भने १ जना न्यूनतम शैक्षिक योग्यता पुरा नभएका सहजकर्ताहरु कार्यरत रहेका छन् ।

### ३.२.३ उद्देश्य

यस कार्यक्रमको प्रमुख तथा साधारण उद्देश्य समुदायमा रहेका सम्पूर्ण बालबालिकाहरुलाई पूर्ण बालमैत्रि वातावरणमा गुणस्तरीय बालविकास र शिक्षाको अवसर सुनिश्चित गर्ने रहेको छ । यसका लागि निम्न विशिष्टिकृत उद्धेश्यहरू निर्धारण गरिएको छ :

१. बालविकास शिक्षालाई गुणस्तरीय, पहुँचयोग्य र सर्बसुलभ बनाउने,

२. बालबालिकाहरुको शारिरीक, मानसिक तथा बौद्धिक, संबेगात्मक, विकास मार्फत आधारभूत तहको शिक्षाको लागि योग्य बनाउने,

### ३.२.४ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु अवलम्बन गरिने छ :

१. संबैधानिक प्राबधान तथा नीतिगत क्षेत्रा धिकार भित्र रहेर स्थापित मापदण्ड र ढाँचा अनुसार गाउँपालिका भित्रको प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन, व्यवस्थापन एवं सुधार गरिने छ,
२. समुदाय भित्र रहेका, उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुलाई बालविकास र शिक्षामा सहभागि गराउने,
३. बालविकास केन्द्रहरुको भौतिक ब्यवस्थापनलाई बालमैत्री, विपदप्रतिरोधि, आधुनिक सुविधायुक्त रुपमा सुधार गरिने छ,
४. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रबेश गराउने

## कार्यनीतिहरू

१. प्रभावकारी भर्ना अभियान एवं घरदैलो मार्फत समुदायमा रहेका, बालविकास शिक्षाको लागि उमेर पुगेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा बालविकास केन्द्रमा भर्नाको व्यवस्था गर्ने।
२. प्रभावकारी भर्ना अभियान एबं घरदैलो मार्फत समुदायमा रहेका, बालविकास शिक्षाको लागि उमेर पुगेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा बालविकास केन्द्रमा भर्नाको व्यवस्था गर्ने।
३. बालविकास केन्द्रहरुमा कार्यरत सहजकर्ता/शिक्षकहरुको पेशागत दक्षता बृद्धि गर्न तालिमको ब्यवस्था गर्ने।
४. भौगोलिक तथा जनघनत्वको आधारमा बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, नयाँ बालविकास केन्द्रहरुको स्थापना, समायोजन तथा पुर्नवितरण गर्ने।
५. कक्षाकोठा व्यवस्थापन मार्फत बालमैत्री बनाउने।
६. बालविकास केन्द्रमा पर्याप्त शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गर्ने।
७. बालविकास केन्द्रमा बाल उद्यान निर्माण गर्ने।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

गाउँपालिका भित्रका उमेरको योग्यता पुगेका सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय बालविकास र शिक्षाको अवसर प्राप्त गर्ने छन्।

**ख) नतिजा**

१. बालविकासको उमेर पुगेका सम्पूर्ण बालबालिकाहरु एक वर्षको गुणस्तरीय बालविकास र शिक्षामार्फत आधारभूत शिक्षाको लागि योग्य हुनेछन्,
२. प्रत्येक वडाहरुमा आवश्यकताको आधारमा पूर्ण बालमैत्रि, सुिवधा सम्पन्न बालविकास केन्द्रहरु पर्याप्त मात्रामा स्थापना हुने छन,
३. बालबालिकाहरुको शारिरीक, मानसिक, संवेगात्मक तथा भाषिक क्षमतामा सुधार हुने छ,
४. पोषणयुक्त खाजा, स्वास्थ्य र नियमित सरसफाइको कारण बालबालिकाहरुको शारिरीक एवं मानसिक विकासमा सुधार हुने छ,
५. बालविकास र शिक्षामा योग्य सक्षम र तालिमप्राप्त सहजकर्ताको प्रर्याप्त ब्यवस्थापन भई बालविकास र शिक्षा गुणस्तरीय हुने छ,
६. बालबालिकाहरुमा सामुहिक भावना, सहयोगिपन तथा सिकाइप्रति रुचि जागृत हुने छ,
७. बालविकास र शिक्षाप्रति सामुदायिक सहभागिता र जिम्मेबारीतामा बृद्धि हुने छ।

### ३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

उल्लेखित अपेक्षित नतिजाहरु हासिल गर्न निम्न बमेजिमका कार्यकलाप र भौतिक लक्षहरु निर्धारण गरिएको छ:

तालिका

मुख्य कार्यकलाप तथा भौतिकलक्षहरु

| क्र.स. | प्रमुख कार्यकलापहरु | एकाइ | ५ बर्षको लक्ष्य | | | | | | १० वर्षको भौतिक लक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा | |
| १ | घर दैलो तथा भर्ना अभियान सञ्चाल | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | पेशागत तथा क्षमता विकास तालिम सञ्चालन | | १ | | १ | | १ | ३ | ६ |
| ३ | विद्यालय/बा.वि.के नक्साङ्कन, समायोजन तथा स्थापना | | १ | | १ | | १ | ३ | ३ |
| ४ | पाठ्यक्रम परिमार्जन तथा प्रवोधिकरण | | १ | | १ | | १ | ३ | ५ |
| ५ | बालबालिकाहरुको स्वास्थ्य परीक्षण | | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | भिटामिन वितरण तथा खोप | | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सहजकर्ता प्रोत्साहन | | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ८ | कक्षाकोठा व्यवस्थापन मार्फत बालमैत्री बनाउने | | ५ | ४ | ४ | ४ | ४ | २१ | २१ |
| ९ | पर्याप्त शैक्षिक तथा खेल सामग्रीको व्यवस्था | | ५ | ४ | ४ | ४ | ४ | २१ | २१ |
| १० | बाल उद्यान निर्माण | | १ | १ | १ | १ | १ | ५ | ५ |

### प्रारम्भिक बालविकास तथा शिक्षाका चुनौतिहरु:

- भौगोलिक विकटता
- सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पुरा नहुनु
- भौतिक संरचनामा कमी भएकोमा पनि अपाङ्गमैत्री नहुनु
- शिक्षकको वैकल्पिक व्यवस्था नहुनु
- कम उमेरका बालबालिकाभर्ना हुनु

**समस्याहरू**

- सिकाउने भन्दा पढाउने परिपाटी हावीहुनु

❖ शैक्षिकतथा खेल सामाग्रीनहुनु र भएकोमा पनिन्यू नहुनु
❖ शिक्षकले सिकाउने तथा स्याहार सुसार गर्नुपर्ने
❖ पोषणलाई महत्वनदिनु
❖ अभिभावक शिक्षा कार्यक्रम संचालनन हुनु
❖ शिक्षकलाई प्रोहोत्साहन नहुनु
❖ बालबालिकाको स्वास्थ्य परिक्षण नहुन

**समस्या समाधानका रणनीतिक क्रियाकलाप**

- स्थानीय तहमा प्रारमिभक बालविकास केन्द्रलाई केन्द्रबिन्दुमा राखी न्युनतम मापदण्ड नीति पुरा गर्ने अवलम्वन गर्ने। प्रारम्भिक बालाविकास कन्द्रेमा रहेको व्यवस्थापन समितिलाई सवलीकरण गरी न्युनतम मापदण्ड पुरा गर्ने।
- शिक्षकलाई न्युनतम योग्यता पुरा गर्न अभिप्रेरित गर्ने।प्राथमिकतह तेस्रो श्रेणी सरह मासिक पारिश्रमिक दिने।
- शिक्षकलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्ने। पालिका भित्र नै अवलोकन भ्रमणको व्यवस्था गर्ने। त्रैमासिक रुपमा पालिकाका शिक्षकहरुको वैठकको आयोजना गर्ने।
- बालबालिकाहरुलाई स साना जिवन उपयोगी सिपहरुको अभ्यास गराई आत्मनिर्भर गराउने।
- पूर्वाधारको अभाव पहिचान गरेर न्यूनतम भौतिकपूर्वाधारको व्यवस्था गर्ने।
- पर्याप्त सामग्री नभएको बालविकास केन्द्रको पहिचान गरी आवश्यकताको आधारमा पुरा गर्ने।
- खेल्दै रमाउँदै सिक्ने वातावरणको लागि बाल उद्यान निर्माण गर्ने।

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

आधारभूत शिक्षा भन्नाले कक्षा १-८ को अवधारणा हाल शिक्षा नीतिमा विद्यमान छ। आधारभूत शिक्षाले बालबालिकाहरुको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यतिmको जीवन पर्यन्त सिकाइलाई प्रशस्त गरि सामाजिक र आर्थिक रुपान्तरमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षा व्यतिmको मौलिक हकको रुपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामुलक पहुँच पुर्याइ गुणस्तर कायम गर्नु राज्यको दायित्व हो। यसै गरी अनिवार्य र निस्शुल्क हुने भनेको छ। यसै गरि अनिवार्य तथा निस्शुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत सम्मको शिक्षा प्रदान गर्ने र तत्सम्बन्धी व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकारले स्थानीय तहको हुने र प्राथमिक उमेर समूहका बालबालिकहरुलाई विद्यालय पुर्याउन प्रत्येक नागरिकको कर्तव्य हुने संविधानमा उल्लेख छ।

संविधानले विद्यालयतहको शिक्षालाई स्थानीयतहको एकल अधिकार क्षेत्र भित्र तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र राखेको छ। विद्यालय शिक्षाको शुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ। उमेर समूहका हिसावले ४ देखि १२ वर्षका बालबालिकाहरुलाई समेट्छ। शिक्षा ऐन २०२८ को आठौं संशोधन पछि प्रारम्भिक बालबालिकालाई समेत विद्यालयतहको औपचारिक संरचनामा समावेस गरेको छ। आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाईका लागि स्रोत सामग्री र अनुकुल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ।

### ३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा १५ वटा विद्यालयहरू आधारभूत तह सञ्चालित छन् । कक्षा १ देखि ८ सम्म कूल विद्यार्थी ११५६ जना अध्ययनरत छन् भने कक्षा १-५ मा ७३३ जना विद्यार्थीहरू अध्ययनरत रहेको पाइन्छ ।

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले असमानता रहेको देखिन्छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेशागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने दर कायमै रहेको कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्युन छ । कोभिड महामारीको कारणले अवरुद्ध भएको शिक्षण सिकाइले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्युनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र, प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ. मा शैक्षिक नेतृत्व, व्यवस्थापन सीप, शिक्षक तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता र सक्रियता बढाई वि.व्य.स. र शि.अ.  सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

माथि गरिएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
- आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
- विद्यालयहरूलाई समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापनगर्ने

**समस्याहरू**

- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन नसक्नु,
- सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न नसक्नु,
- पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न नसक्नु,
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील (Resliient) बनाउन नसक्नु,
- शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्न नसक्नु,
- विद्यार्थी र अभिभावकलाई सिकाइप्रति उत्तरदायी बनाउन नसक्नु,
- शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमान योग्य बनाउन नसक्नु,
- विद्यार्थीहरु घण्टौ हिडेर विद्यालय आउनु पर्ने समस्याले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नसक्नु ।

### ३.३.३ उद्देश्य

यस योजनाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गरी आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने।
२. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने।
३. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील (Resliient) र जवाफदेही बनाउनु,
५. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### कार्यनीतिहरू

१. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालय बाहिर रहेका र भौगोलिक कठिनाई रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने।
२. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था र तालिम, तयारी, प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
३. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने।
५. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने।
६. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।
७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइने।
८. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील Reslii बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।
९. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गर्ने।
१०. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने।

११. आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने ।

१२. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

१३. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारका क्षेत्र पहिचान गर्ने।

१४. शिक्षक पेशागत विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

१५. खेल तथा शैक्षिक सामग्री सहित कक्षाकोठा व्यवस्थापन गर्ने ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क, उपलब्धि(Outcomes)

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**प्रमुख नतिजाहरू**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।

२. सबै विद्यालयको प्राथमिकता प्राप्त सक्षमता पूरा हुने ।

३. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

५. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल हुने ।

६. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने ।

७. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशीलहुने ।

८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### ग. प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (तालिका)

**आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ९ पहिलो लक्ष्य ५ वर्ष | | | | | | ५ बर्षको भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन तथा समायोजन | पटक | | १ | | | १ | २ | २ | |
| २ | स्मार्ट टि भि | सङ्ख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ३ | शिक्षकहरूलाई आइसिटी तालिम | सङ्ख्या | | २५ | २५ | २५ | २५ | २५ | १२५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ९ पहिलो लक्ष्य ५ वर्ष | | | | | | ५ बर्षको भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | सङ्ख्या | | | | | | | | |
| संघीय सरकार सँग माग गर्ने | | | | | | | | | | |
| ५ | आधारभूत तहका सबै बालबालिकाहरू लाई विद्यालयमा भर्ना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | विद्यालय | | ५ | ५ | ५ | ६ | २१ | २१ | |
| ७ | विद्यालयको कार्य सम्पादन परीक्षण | विद्यालय | ४ | ४ | ४ | ४ | ५ | २१ | २१ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| ९ | स्थानीय पाठ्यक्रम प्रबोधिकरण र कार्यान्वयन | विद्यालय | | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| १० | प्रकोप, सङ्कट तथा महामारी लगायतका | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ९ पहिलो लक्ष्य ५ वर्ष | | | | | | ५ बर्षको भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | परिस्थितिबाट बच्न सचेतना मूलक कार्यक्रम | | | | | | | | | |
| ११ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | | ७ | ७ | ७ | | २१ | २१ | |
| १२ | शिक्षक पेशागत, विकास र सहायता | संख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| १४ | छात्रवृत्ति, अति गरिबी र लक्षित समूह (पोशाक, शैक्षिक सामग्री) | संख्या | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | २००० | |
| १५ | निःशुल्क पाठ्यपुस्तक | विद्यार्थी | १३०० | | | | | | | |
| १६ | कक्षा कोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयन गर्ने | शिक्षक | | | | | | | | |
| | | | | | | | | | | |
| सबै शिक्षक | | | | | | | | | | |
| १७ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १८ | विद्यालय वि.व्य.स., शि.अ.स. | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | १५ | १५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ९ पहिलो लक्ष्य ५ वर्ष | | | | | | ५ बर्षको भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण | | | | | | | | | |

### ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। माध्यमिक तहको शिक्षाको उद्देश्य कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ साथै माध्यमिक तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

३ .४ .२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्र जम्मा २१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। बालविकास केन्द्र २१ आधारभूत तह १-५ सञ्चालित १३ आधारभूत तह १-८ सञ्चालित २ माध्यमिक १-१० सञ्चालित ३ र माध्यामिक १-१२ सञ्चालित ३ रहेको छ प्राविधिक धारतर्फ एक वटा विद्यालयमा पशु विज्ञान विषय पढाइ हुन्छ।

आधारभूत तह कक्षा १-५ मा कुल १०४ शिक्षक दरबन्दी रहेको छ भने आधारभूत तह कक्षा ६-८ मा २३ दरवन्दी रहेका छन्। माध्यमिक तह कक्षा ९- १० मा १९ र माध्यमिक तह कक्षा ११- १२ मा १० वटा दरवन्दी छन्। बालविकास केन्द्रमा २१ सहजकर्ताहरु कार्यरत छन्।

### ३.४.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक तहमा सबैको पहुँच र गुणस्तरमा सुधार गर्नु।

२. माध्यमिक तहमा नविनतम् प्रविधिको प्रयोगबाट सिकाइ उपलब्धि वृद्धि गर्नु।

३.

### ३.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै वालवालिकाको पहुँच सुनिश्चित गर्न आवासीय विद्यालय र स्कुल बसको व्यवस्था गरिने।

२. शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्ने।

३. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउने

४. अति गरिब र समावेशीता आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने।

५. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई प्रभावकारी बनाइने।

६. न्यून सिकाई उपलब्धिका कारणहरू पहिचान गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने।

### कार्यनीतिहरू

1. आवश्यकता पहिचान गरी आवासीय विद्यालय र स्कुल बस सञ्चालन गरिने छ।
2. प्रत्येक माध्यमिक विद्यालयमा डिजिटल स्मार्ट बोर्डको व्यवस्था गरिने छ।
3. अनुगमन र सुपरिवेक्षणलाई प्रविधि मैत्री बनाइने छ।
4. सिकाइ उपलब्धि कम भएका विद्यार्थीहरूलाई अतिरिक्त कक्षा सञ्चालन गरिने छ।
5. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना अङ्ग्रेजी लगायत अन्य ,गणित ,विषयका शैक्षिक सामाग्री सहित कक्षाकोठाको व्यवस्थापन गरी प्रविधिमैत्री प्रयोगमा वृद्धि गरिनेछ।
6. विद्यार्थीहरूको दैनिक हाजिरी रेकर्ड सम्बन्धित अभिभावकको मोबाइलमा जाने व्यवस्था गरिने छ।
7. गाउँपालिका भित्रका विद्यालयबाट कक्षा ५,८,१० र १२ कक्षामा उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिने छ।
8. उत्कृष्ट नतिजा दिलाउने विषयगत शिक्षकहरूलाई सम्मान गरिने छ।
9. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग समन्वय र सहकार्य गरी ,शिक्षकहरूलाई पेशागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ।
10. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन् प्रणालीको व्यवस्थापन गरिने छ।
11. गर्दै सिक्दै ( learning by doing ) र पढ्दै कमाउँदैको मान्यतालाई प्रयोगमा ल्याइने छ।
12. सूचना प्रविधिको अधिकतम् उपयोग गर्दै स्टिम)STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिने छ
13. गणित ,विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी , अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी सिकाइ वातावरण तयार गरिने छ
14. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ।
15. विद्यालयमा खेलकुद शिक्षकको व्यवस्था गरिने छ।
16. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिने छ।
17. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप संगित, गायन, खेलकुद आदि को स्तरोन्नति गर्न शिक्षककोव्यवस्थापन गरिने छ।
18. सुविधा सम्पन्न वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ।
19. स्वच्छ खानेपानी, खेलमैदान शौचालय र हरित विद्यालय व्यवस्थापन गरिने छ।
20. विद्यालय सुधार योजना वार्षिक कार्यतालिका ,शैक्षणिक योजना ,निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने छ।
21. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी , शिक्षक र अभिभावकको क्षमताको विकास गरिने छ।
22. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्वतयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड

दिइने छ।

23. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड गरी स्थानीय अर्गानिक खाद्य को प्रयोगलाई निषेध ा पदार्थपोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गरिनेछ।

## ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

माध्यमिक शिक्षालाई प्रविधिमैत्री बनाई सबैको पहुँच तथा गुणस्तरमा सुधार हुने।

**ख) नतिजा**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने।
२. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने।
३. माध्यमिक तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने।
४. आवासीय र स्कुल बसको सुविधा सहित माध्यमिक शिक्षा प्राप्त गरेको हुने।
५. विद्यालयहरू बालमैत्री , समावेशी र सुरक्षित हुने।
६. विद्यार्थी शिक्षक प्रशासक सरोकारवालाहरू जवाफदेही हुने।
७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
८. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू जुरेस, स्काउट, बालक्लव आदिमा संलग्न रही प्राकृतिक प्रकोप तथा विपदमा सहयोगिका रुपमा सहभागि हुने।
९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भइ पेश प्रति उत्प्रेरित हुने
१०. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भइ शैक्षिक समाग्री निर्माण र प्रयोगमा क्रियाशील
११. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्यावको व्यवस्था हुने,
१२. सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने,
१३. पढ्दै कमाउँदै कार्यक्रमले विद्यार्थीहरुको आम्दानी वढ्ने र विद्यालय छोड्ने दर कम हुने,

**ग) माध्यमिक तहका प्रमुखक्रियाकलापहरु तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य ) (१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क पाठ्यपुस्तक वितरण (९-१२) | सङ्ख्या | ५२२ | ५२० | ५१४ | ५१० | ५१० | २५७६ | ५००० | |
| २. | विद्यालय नक्साङ्कन् , स्तरोन्नति | पटक | | १ | | | | १ | २ | |
| ३ | विद्यार्थी इ- हाजिरी | सङ्ख्या | ६ | | | | | ६ | | |
| ४ | शिक्षणमा स्टिमको प्रयोग | सङ्ख्या | १ | १ | १ | १ | | ४ | ४ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य ) ( १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ५ | विषयगत दरबन्दी निर्धारण सिर्जना र वितरण गर्ने | सङ्ख्या | आवश्यकता अनुसार वितरण गर्ने | | | | | | | |
| ७ | आवासीय विद्यालयको विकास | सङ्ख्या | | १ | १ | | | १ | ३ | |
| ८ | विद्यालयमा यातायातको व्यवस्था (स्कुल बस सञ्चालन) | सङ्ख्या | १ | | | १ | १ | ३ | ३ | |
| ९ | विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता | निरन्तर | | | | | | | | |
| १० | विद्यालयको भौतिक पूर्वाधार विकासभवन,) कक्षाकोठा,फर्निचर ,शौचालय ,खानेपानी खेलमैदान ,घेराबार वालउद्यान( | विद्यालय | १ | १ | १ | ३ | | ६ | ६ | |
| ११ | विषयगत प्रयोगशालाको व्यवस्था(गणित,अंग्रेजी र सामाजिक) | विद्यालय | १ | १ | १ | १ | २ | ६ | ६ | |
| १२ | विपद व्यवस्थापनमा वालक्लव ,जुरेसर स्काउटको प्रयोग | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १३ | विपद् व्यवस्थापनको लागि क्षमता अभिवृद्धि पूर्व तयारी | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १४ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता वृद्धि | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १५ | विव्यस र शिअसका पदाधिकारीहरूको क्षमता विकास | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| १६ | शिक्षक तालिमको व्यवस्था | सङ्ख्या | १२ | ६ | ६ | ६ | ६ | ३६ | ४० | |
| १७ | माध्यमिक तहमा भर्ना र टिकाउ वृद्धि गर्न आकर्षक छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | १५० | |
| १८ | विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १९ | स्वास्थ्य परीक्षण स्वास्थ्य , सचेतना | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| २० | गरिब र जेहेन्दारलाई सहयोग | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| २१ | सिकाइ सामग्री निर्माण | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| २२ | भौतिक संरचना नियमित मर्मत | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य ) ( १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | र सम्भार अनुदान | | | | | | | | | |
| २३ | विद्यार्थी सम्मान | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| २४ | स्मार्ट डिजिटल बोर्डको व्यवस्था | सङ्ख्या | | २ | २ | १ | | ५ | १५ | |
| २५ | शिक्षक सम्मान | सङ्ख्या | विषय अनुसार | | | | | | | |
| २६ | विद्यालय खेलकुद शिक्षक | सङ्ख्या | १ | १ | १ | १ | २ | ६ | ६ | |
| २७ | शैक्षिक अवलोकन भ्रमण | सङ्ख्या | ३० | | | ३० | | ३० | ६० | |

## ३.५ उच्च शिक्षा

### ३.५.१ परिचय

नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्युन, मध्यम, दक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । स्नातक उत्तीर्ण पछि मध्यम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ भने स्नातकोत्तर र सोभन्दा माथि उत्तीर्णपछि उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । ताराखोला गाउँपालिकाभित्र स्नातक तह सञ्चालन भएको क्याम्पस नभएकोले उच्च शिक्षाको लागि आगामी पाँच वर्ष भित्र एउटा स्नातक तहसम्मको अध्ययन अध्यापन हुने क्याम्पस स्थापना गर्न आवश्यक देखिएपनि वर्तमान अवस्थामा यसको सम्भावना एकदमै न्यून देखिन्छ ।

### ३.५.२ ताराखोला गाउँपालिकाको उच्च शिक्षाको वर्तमान अवस्था

ताराखोला गाउँपालिकामा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धैरै जसो बालबालिकाहरू गाउँपालिका भन्दा बाहिर अध्ययन गर्न गएको पाइन्छ । गुणस्तरीय शिक्षा, सुविधा, आदि कारण देखाई बजार क्षेत्रमा जाने विद्यार्थीहरूको ठूलो समूह रहेको छ । तथापि गाउँ ठाउँमा पढ्ने इच्छा राख्ने, आफ्नो घरको आटोपिठो खाएर पढ्छु भन्ने उद्देश्य राख्ने र न्युन आम्दानी हुने बालबालिकाको लागि एउटा क्याम्पस आवश्यक छ ।

### ३.५.३ उच्च शिक्षाका समस्या तथा चुनौतीहरू

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको जिम्मेवारीमा राखेको छ । एकातिर उच्च शिक्षालाई प्रदेश तथा संघले आफ्नो जिम्मेवारीमा नराख्नु, अर्कातर्फप्रदेश तथा सङ्घीय स्तरबाट उच्च शिक्षालाई आफ्नो प्राथमिकतामा नराख्नुले स्थानीय तहलाई आर्थिक भार पर्न जाने देखिन्छ । तर पनि आफ्नो पालिकाभित्र उच्च शिक्षा प्रदायक संस्थालाई सुथापना गर्नु स्थानीय सरकारको कर्तव्य हुन आउँछ । उच्च शिक्षा सम्बन्धित नीतिगत समस्या नै सबैभन्दा ठूलो समस्या रहेको सहजै देख्न सकिन्छ । समस्या तथा चुनौतीहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

१. सवै विद्यार्थीलाई आकर्षित गर्ने गरि क्याम्पस संचालन गर्नु
२. भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु
३. विषयगत तथा पूर्णकालिन शिक्षक व्यवस्थापन गर्नु
४. क्याम्पसका लागि आवश्यक आर्थिक श्रोत जुटाउनु
५. गुणस्तरीय र जीवनोपयागी शिक्षा प्रदान गर्नु
६. शिक्षामा सूचना तथा संचार प्रविधिको पहुँचमा विस्तार गर्न

### ३.६ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.६.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ। शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ। त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन्। हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवन यापनामा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन् बढेको पाइन्छ। हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ।

शिक्षालाई सीप, सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौती हुने देखिन्छ।

### ३.६.२ वर्तमान अवस्था

गण्डकी प्रदेश बागलुङ जिल्ला अन्तर्गत ताराखोला गाउँपालिकाकृषि तथा पशु पालनको क्षेत्रमा उपयुक्त मानिन्छ। विगत देखि नै यस क्षेत्रमा कृषि वा पशु प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरू बीचबाट यस क्षेत्रको वडा नं. ४ अन्तर्गत पर्ने नेपाल माध्यमिक विद्यालयमा पशु विज्ञान अन्तर्गत प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालन गर्ने समुदाय स्तरको निर्णय, वि. व्य. स. को निर्णय ताराखोला गाउँपालिका समेतको सिफारिसमा २०७६ वैशाख २ गतेको नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको निर्णयबाट यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय स्थापना भएको छ। यस धारको शिक्षाबाट स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सिक्नु पर्छ। प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ।

### ३.६.३ चुनौती तथा अवसरहरू

गण्डकी प्रदेश अन्तर्गत ताराखोला गाउँपालिकाको भौगोलिक बनावट विशेषता, मानव वस्तीको अवस्था, हावापानी, उपलब्ध प्राकृतिक स्रोत साधन र पशुपालन सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा पशु प्राविधिक विद्यालय नै उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरीब विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ। व्यवसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, लागत साझेदारीको सिद्धान्तमा स्रोत परिचालन, प्राविधिक तथा व्यवसायिक शिक्षाको भौतिक पूर्वाधार ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक, बहुप्राविधिक तथा व्यवसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, आवश्यक बजेटको व्यवस्था गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धता सहितको ठोस योजना कार्यान्वयनको लागि व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्नु प्राविधिक शिक्षाको योजना र नीति कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### ३.६.४ उद्देश्य

१. प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु।
२. प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,

## ३.६.५ रणनीतिहरू

१. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,

२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,

३. प्राविधिक शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने,

**कार्यनीतिहरू**

१. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,

२. प्रयोगात्मकतर्फविशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् उन्नत नश्लका पशु    व्यवस्थापन गर्ने,

३. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच पशुपालन र खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समवन्यात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,

४. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फतत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने,

५. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,

६. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

७. प्राविधिक शिक्षामा अध्ययरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम सम्झौता गर्ने,

८. गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारको विद्यालयमा व्यवसायिक तथा सीपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

## ३.६.६ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने ।

**ख) नतिजा**

ताराखोला  गाउँपालिकामा स्थापित पशु विज्ञान पठनपाठन हुने विद्यालय प्राविधिक तथा व्यवसायिक धारतर्फको उत्कृष्ट विद्यालय भएको हुनेछ । यस धारमा अध्ययरनत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यवसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछन् । यस विद्यालयबाट पशु शिक्षा प्राप्त गरेका विद्यार्थीहरू ताराखोला गाउँपालिकामा रहेका  स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन् । प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ । प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ । प्राविधिक शिक्षाप्रति आम सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानी मैत्री वातावरण निर्माण हुनेछ ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | [illegible] |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य (५ बर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सीप बिकास र आयआर्जन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | गरिब तथा जेहेन्दार, दलित बिद्यार्थी लाई छात्रवृत्ति वितरण। | जना | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ३ | छात्रबास व्यवस्थापन | गोटा | १ | | | | | १ | १ | |
| ४ | प्रयोगशाला | गोटा | १ | | १ | | | २ | ४ | |
| ५ | अनुसन्धान कार्य | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | OJT कार्य | जना | विद्यार्थी सङ्ख्या अनुसार | | | | | | | |
| ७ | फिल्ड व्यवस्थापन | रोपनी | | ६ | | | | ६ | १० | |

## ३.७ पाठ्यक्रम र पाठ्यसामग्री

### ३.७.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो एउटा गतिशील र लचिलो प्रक्रिया हो। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्नु र तथ्यपरक हुनुपर्दछ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक ममान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान-, सीप तथा परिबेसअनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ। यसै क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भई वि.स. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन हुने क्रममा रहेको छ। आधारभूत तह १-३, ४-५ र ६-८ का लागि अलग अलग पाठ्यक्रम निर्माण गरी यान्वयनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९ र कक्षा ११/१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ। विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिकबनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवन उपयोगी सीपसमावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा , इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्यवा सामुदायिक लगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रुपान्तरण गर्न सह क्रियाकलापअतिरिक्त/क्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, सस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेशम अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ। व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनसिल तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै

हस्तकला, वास्तुकला, चित्रकला, नृत्य,संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ । विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहार कुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन् । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएकोछ । स्टेम भनेको बिज्ञान,प्रबिधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रमहो। जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउँदछ। साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ । जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ। विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपुर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन् ।

### ३.७.२ वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा विक्रम सम्म २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा विसं २०६३.मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन कारण गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.सं. २०७८मा कक्षा २,३, ६ र१२, मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसक्ने छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६अनुरूपको पाठ्यक्रममा कक्षा १-३सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म ५कार्य घण्टा र ४८ कार्यघण्टा बराबरको मातृभाषा स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कारण गर्ने व्यवस्था गरिएको छ । यस गाउँपालिकामा २०७८ सालमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि पाठ्यक्रम निर्माण समिति गठन गरी कक्षा १-५ सम्मको पाठ्यक्रम निर्माण भएको र ६-८ को निर्माण गर्नुपर्ने छ । मूल्याङ्कन सम्बन्धि नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै एकिकृत पाठ्यक्रमको आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने र कक्षा ६-७ मा ४०प्रतिशत निरन्तर मूल्याङ्कन र ६०प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा आवधिक परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।

**३.७.३ उद्देश्य**

यस योजनाले पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु।

२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिकगुणस्तरीय र प्रभावकारी बनाई , कार्यान्वयन गर्नु।

**३.७.४ रणनीति**

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. प्रत्येक विद्यालयका शिक्षकहरूे राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिने छ।

२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने छ।

३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइने छ। सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गरिने छ।

४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।

**कार्यनीतिहरू**

१. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकरी ढङ्गले प्रवोधीकरण गरिने छ।

२. शिक्षक निर्देशिका,पाठ्यपुस्तक ,पाठ्क्रम , सन्दर्भ सामाग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने छ|

३. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चत गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने छ।

४. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिने छ।

५. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कायान्वयनमा ल्याइने छ|

६. सूचना, सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने छ।

७. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिने छ।

८. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आवद्ध गरिने छ|

९. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिनेछ।

१०.स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धीगर्न शिक्षकहरूको क्षमता विकास गरिने छ|

११.विज्ञान तथा गणित विषयमा सृजनात्मक सामाग्री प्रदर्शन गर्ने व्यवस्था गरिने छ|

१२.पूर्वीय दर्शनमा आधारित योगा,व्यायम ,ध्यान ,प्राकृतिक चिकित्सा बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल , गराइने छ।

१३.कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण गरिने छ।

१४.कक्षा ६-८ को स्थानीय पाठ्यपुस्तक निर्माण गरि लागु गरिने छ।

१५.स्थानीय पाठ्यक्रम प्रबोधिकरणका साथै पाठ्यसामग्री निर्माण गरिने छ।

**३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने

**ख) नतिजा**

१. बालविकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू सुचारु तरिकाले कार्यान्वयन हुने
२. कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सीपहरू कार्यान्वयन हुने
३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने
४. स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने
५. सिकाइ क्रियाकलाप वालमैत्री र स्थानीय परिवेश तथा आवश्यकता अनुसार हुने
६. सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (५ वर्षको) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण विकास | कक्षा ६-८ | १ | १ | १ | १ | | ४ | ४ | |
| २ | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधिकरण र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरुको क्षमता विकास | संख्या | ३० | ३० | ३० | ३० | ३० | १५० | १५० | |
| ४ | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यामग्री प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शिक्षकलाई स्टेममा आधारित क्षमता विकास तालिम | शिक्षक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ७ | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणा यमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | विज्ञहरुद्वारा बुद्ध दर्शन, पूर्वीय दर्शन, प्राकृतिकचिकित्सा र मनोपरामर्श कार्यक्रम सञ्चालन | कक्षा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | अतिरिक्त सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १० | स्थानीय भाषामा स्थानीय पाठ्यपुस्तक लेखन | कक्षा(१-५) | १ | २ | ३ | ४ | ५ | | | |

### ३.८ शिक्षक व्यवस्थापन र विकास

### ३.८.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो। सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पुर्ण व्यवस्थापकिय कार्य पर्दछन्। अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफैँमा बहुआयामिक विषय हो। शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन।शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन्।

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीता दक्षता समता समानता वाताबरण मैत्री बनाउन शिक्षकव्यवस्थापन जरुरी छ। यसको लागि जनशक्ति योजना,दरबन्दी सिर्जना तथा भर्नाउपयोग विकास सेवा सुविधा , सामाजिक सुरक्षा (तलबभत्ता, पोशाक, बिदा, औषधिउपचार आदी ) पेशागत विकास पर्दछन। शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपुर्ति माग प्रतिशत निर्धारण दरखास्त आव्हान तथा संकलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित मौखिक प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन्।यसका अतिरिक्त का स मू जिम्मेवारी वृत्तिविकास सरुवा बढुवा आदि गरिने गर्दछ। शिक्षकहरूको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन्।

यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षकसहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ। शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षक लाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पुरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ३.८.२ शिक्षक तयारी

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ। यस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका छन्। प्राज्ञिक योग्यता बीएड वा एमएड प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। विभिन्न मुलुकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन्। पन्ध्रौं योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ। विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धि विशेष अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ परिवर्तित कक्षा ११र १२को पाठ्यक्रममा संकाय गत संरचना नभएकाले अब कक्षा १२उत्तीर्ण गरी शिक्षक हुनेका लागि निश्चित समयको कोर्स व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ। तर दिर्घकालिन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस

भइआएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य सङ्घीय सरकारबाट भइरहेको छ । शिक्षकको क्षमता अभिबृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालीम केन्द्रहरूबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनुपर्ने हो । सो कार्य गर्न सकिएको छैन । सरकार र विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । सेवा शर्त र सुविधा फफरक छन्- । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम कागजमा मात्र सीमित छ ।

### ३.८.३ शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै सोझै प्रवेश गराउन सकिने गरी सङ्घको सरकारले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गराउन आवश्यक देखिएको छ । शिक्षकहरूको पदपुर्ति हालसम्म सङ्घीय शिक्षक सेवा आयोगबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेशी स्तरसम्म विस्तार गर्न आवश्यक छ ।

### ३.८.४ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ ।१५औं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भसामग्री स्रोत सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ। यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधि का साथै सक्रिय सिकाइकातरिकाहरूको प्रयोगमा जोड दिएको पाइन्छ यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।
कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लि शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रुपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् ।कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्चगतिको इन्टरनेट सुविधाको कमी स्रोतको कमी विषयगत ,दक्ष, योग्य ,उत्प्रेरित, शिक्षकको कमी,शैक्षणिक सामग्रीको कमी, कार्यवातावरण कमी, आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### ३.८.५ शिक्षकको उत्तरदायित्व

शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक (प्रधानाध्यापक) प्रति उत्तरदायी हुनुपर्छ शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ

उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिबेदन गर्नुपर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्यांकन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यपकलाईगर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु पर्दछ।

पन्ध्रौं योजनाले शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेशा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति-२०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ। विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परीणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ। विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो। विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्त पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ। अझ सरुवा भएपछि लामो समयसम्म पदपुर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाईबाट लामोसमयसम्म बञ्चित हुनुपरेको अवस्था समेत छ। सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सहर र सदरमुकामहरूमा थुप्रने अवस्था रहेको छ जुन सामाजिक न्यायको सिद्धान्तविपरीत देखिन्छ यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन कठिन बनाएको छ।

### ३.८.६ शिक्षकको पेसागत सहयोग पद्धति

शिक्षक पेशागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल मेन्टोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ सञ्चालन conference सहपाठी संगको अन्तरक्रिया प्रतिबिम्बन अभ्यास आदि। नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धैरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेसागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ। शिक्षक पेशागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ। यसलाई हटाउने स्थानीय स्तरमा शिक्षा महाशाखा अर्थात शाखा रहेका छन्। स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दापनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ। विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्युन रुपमा भएको पाइन्छ। समग्रमा भन्नुपर्दा शिक्षक सहायताको कार्यक्रम शून्यप्रायः छ।

### ३.८.७शिक्षक क्षमता विकास कार्यक्रम

समयअनुसार शिक्षकहरूका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक छ। यसको विकासका अवसरहरू उपलब्ध हुनु आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तरिकाहरू छन्।शिक्षक तालिम कार्यशाला seminar conference क्रियात्मक अनुसन्धान शिक्षकहरूको सिकाइ सञ्जाल अवलोकन भ्रमण mentoring कार्यशाला सेमिनार आदि। शिक्षकको पेसागत विकास यिनै कार्यहरूबाट सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने धैरै योजना तथा कार्यक्रमहरू सञ्चालन भए। विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरू २९ वटा र अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा सङ्घीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक प्रदेशमा एक एक गरी जम्मा-७ तालिम केन्द्रहरू मात्र रही अन्य संरचनाहरू हटेका छन्। शिक्षक पेशागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने प्रारूप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षा तालिम

केन्द्रहरूले अनलाईन तथा offline विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम र customize शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ। विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ। यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले उल्लेख गरेका छन्।

### ३.८.८ शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ।यसलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट मुक्त भएका शिक्षकहरूको तथा विद्यालयको निजी स्रोतमा नियुक्त शिक्षकहरूको पनि रहेका छन्। जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ। मुलुक सङ्घीय संरचनामा गरेसँगै शिक्षक नियुक्ति सरुवा कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन्।

### ३.८.९ प्रमुख समस्या तथा चुनौतीहरू

माथि उल्लेखित विश्लेषणका आधारमा ताराखोला गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन-

**क) समस्या**

१. शिक्षकमा उत्प्रेरणाको कमी
२. उत्तरदायित्व र जवाफदेहितामा कमी, दण्डहिनताले प्रश्रय पाउनु
३. कक्षागत र विषयगत शिक्षकको अभाव
४. आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव
५. शिक्षक नियुक्ति सरुवा बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु
६. शिक्षक व्यवस्थापनको जिम्मेवारी कसको )?स्थानीय सरकार प्रदेश वा ,सङ्घीय सरकार(
७. शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्नु नसकिनु
८. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्स व्यवस्था नहुनु

**ख) चुनौतीहरू**

१. शिक्षकको मनोबृत्तिमा परिवर्तन गर्नु
२. विपद र सङ्कटपूर्ण अबस्थामा शिक्षण सिकाइ सञ्चालन गर्नु
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्नु
४. पेशागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्धगर्नु
५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने र
६. आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु,

### ३.८.१० उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतीहरूका आधारमा स्थानीय तहको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्-:

१. सक्षम र प्रविधिमैत्री शिक्षक व्यवस्थापन गर्नु
२. शिक्षकको छनौट नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु

### ३.८.११ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिने छ।

२. प्रविधिमैत्री शिक्षक व्यवस्थापनको लागि तालिमको व्यवस्था गरिने छ|

३. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु

४. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ।

**कार्यनीतिहरू**

१. नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईने छ।

२. उच्च कार्य सम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ।

३. शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न लकबुकको प्रयोग गरिने छ।

४. स्थायी शिक्षक सरूवाका लागि शैक्षिक सत्रको अन्त्यमा मात्रै सरूवा सहमति प्रदान गर्ने व्यवस्था मिलाइने छ।

५. सुत्केरी शिक्षकको प्रसुति विदाको लागि बैकल्पिक शिक्षकको व्यवस्था गरिने छ।

६. शिक्षक उत्प्रेरणा सम्बन्धि तालिम सञ्चालन गरिने छ।

### ३.८.१२ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- सक्षम,उत्तरदायी र अभिप्रेरित ,शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने

२. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने

३. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने

४. विद्यार्थीहरूको सिकाइ प्रभावकारी समय सान्दर्भिक र गुणस्तरीय हुने ,

५. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने

६. शैक्षिक सत्र भरी विषयगत पठनपाठनमा असर नपर्ने

**ग ) प्रमुखक्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | शिक्षक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| २ | अस्थायी करार तथा निजी स्रोतमा नियुक्त हुने , शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि | सङ्ख्या | | १ | | | | १ | २ | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ३ | करार शिक्षक वैङक स्थापना | | | १ | १ | १ | १ | ४ | ८ | |
| ४ | शिक्षक सेवा आयोग तयारीका लागि कक्षा सञ्चालन | सङ्ख्या | | ३० | ३० | ३० | ३० | १२० | १२० | |
| ५ | नवप्रवेशी स्थायी र करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | विद्यालय | | २० | २० | २० | २० | २० | १०० | |
| | **शिक्षण सिकाइ क्रियाकलापमा** | | | | | | | | | |
| ६ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | विद्यार्थी | कक्षा १० र १२ का विद्यार्थीहरू | | | | | | | |
| ७ | कक्षा १- ८ का कमजोर विद्यार्थीको लागि उपचारात्मक शिक्षण पद्धतिको कार्यान्वयन | विद्यार्थी | कक्षा १-८ का सम्पूर्ण विद्यार्थीहरू | | | | | | | |
| ८ | परीक्षाको नतिजा विश्लेषण गर्ने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | १०५ | |
| ९ | शिक्षकले कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | १०५ | |
| १० | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | १०५ | |
| ११ | महिला शिक्षिका सुत्केरी विदामा रहँदा अतिरिक्त शिक्षकको व्यवस्था | सङ्ख्या | आवश्यकतानुसार | | | | | | | |
| | **शिक्षकको पेशागत** | | | | | | | | | |
| १२ | शिक्षक पेशागत सहयोगको लागि विज्ञहरूको सूची तयार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १३ | विषयगत शिक्षकहरूको समूह निर्माण | समूह | | ८ | | | | ८ | ८ | |
| १४ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | समूह | १ | | | | | १ | १ | |
| १५ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | निरन्तर | निरन्तर | | | | | | | |
| १७ | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | सङ्ख्या | निरन्तर | | | | | | | |
| १८ | सहपाठी कक्षा अवलोकन | सङ्ख्या | निरन्तर | | | | | | | |
| १९ | कक्षा १-५ मा पढाउने शिक्षकको लागि मागमा आधारित छोटो अवधिको पुनर्ताजगी तालिम | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| २० | अनलाईन सेमिनार / अफलाईन मार्फत कन्फ्रेन्स , सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | **शिक्षक उत्तरदायित्व** | | | | | | | | | |
| २२ | शिक्षक र प्रधानाध्यापक वीच करार सम्झौता | शिक्षक | निरन्तर प्रत्येक वर्ष | | | | | | | |
| २३ | प्रधानाध्यापक र स्थानीय सरकार वीच कार्यसम्पादन करार सम्झौता | सङ्ख्या | निरन्तर प्रत्येक वर्ष | | | | | | | |
| २४ | प्रधानाध्यापक मार्फत अनुगमन र निरीक्षण | पटक | निरन्तर प्रत्येक वर्ष | | | | | | | |
| २५ | कक्षा शिक्षक र अस्थानीय शिक्षक प्रोत्साहन भत्ता | | प्रत्येक वर्ष | | | | | | | |
| | | | | | | | | | | |

### ३.९ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक सहित)

#### ३.९.१ परिचय

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षा सहित शैक्षिक व्यवस्थापनको महत्वपूर्ण कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ। शैक्षिक व्यवस्थापन भित्रको महत्वपूर्ण अङ्ग विद्यालय व्यवस्थापन हो। विद्यालय व्यवस्थापन भन्नाले प्राप्त जनशक्तिलाई उपलब्ध भएको श्रोतको प्रयोग गरी विद्यालयको उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने गतिविधि तथा कार्यलाई जनाउँदछ। स्थानीय सरकारका रूपमा व्यवस्थापकीय तथा कार्यकारिणी हैसियत सहितका संविधान प्रदत्त अधिकार सूची, जन अपेक्षा र स्थानीय क्षमता र पूर्वाधारको उचित पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा शिक्षामा गुणस्तर प्राप्त हुन सक्छ।

गाउँपालिकाले शैक्षिक उपलब्धिहरु हाँसिल गर्न विद्यालयहरुमा बजेट विनियोजन र वाडफाँड गरेर मात्र पुग्दैन। प्राप्त भएका स्रोत र साधनको उपयुक्त परिचालन हुने गरि विद्यालय व्यवस्थापनमा ध्यान दिन जरुरी हुन्छ। शिक्षा ऐन नियमावलीमा व्यवस्था भएका प्रावधानहरुको उचित परिचालन र प्रयोगले विद्यालय बलियो बन्न सक्छ। विदालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण रहँदै आएको छ। सामुदायिक विद्यालयको सञ्चालन रेखदेख व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ। शिक्षक अभिभावक सङ्घले शिक्षक र अभिभावकलाई सम्पर्कमा ल्याइ विद्यार्थीको शिक्षणमा सहजीहरण गर्दछ भने आर्थिक सहयोगमा समेत भूमिका खेल्दछ। विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समिति रहने र प्रशासनिक अधिकार प्र.अ. सँग रहने भएकोले कानुनी रुपमा प्रमाणिकरण गर्न समेत यसले मद्दत गर्दछ।

विद्यालयको प्रशासनिक कार्यका लागि एक प्रधानाध्यापकको व्यवस्था हुने कानुनी व्यवस्था छ। शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गराउने महत्वपूर्ण स्थल विद्यालय हो। विद्यालयले गर्नुपर्ने सबै क्रियाकलापको सञ्चालन र नियन्त्रणका लागि प्रधानाध्यापकको व्यवस्था गरिएको हुन्छ।

स्थानीय सरकार ऐन २०७४ ले विभिन्न २३ वटा काम कर्तव्य र अधिकार स्थानीय सरकारलाई दिएको छ। यसै ऐन र मौजुदा शिक्षा , ऐन नियमका आधारमा गाउँपालिकाले विद्यालयको व्यवस्थापन गर्नु पर्ने हुन्छ।

#### ३.९.२ वर्तमान अवस्था

ताराखोला गाउँपालिका भित्रका सबै विद्यालयहरूको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन रहने व्यवस्था छ। शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित) मा व्यवस्था भए अनुसार विद्यालयहरू

सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितीकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितीको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक सोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानध्यापकको रहेको छ ।

ताराखोला गाउँपालिकामा विद्यालय व्यवस्थापनमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्

१. विद्यालयको व्यवस्थापकीय पक्ष सवल र सक्षम बनाउने,
२. अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता बनाउने,
३. शिक्षकहरूलाई शिक्षा ऐन नियमावलीमा व्यवस्था भए अनुसासार सक्रिय बनाउने,
४. दक्ष र योग्यता प्राप्त पधानाध्यापकको व्यवस्था गर्ने,
५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही र उत्तरदायी बनाउने,
६. कुशल प्रशासनिक क्षमता सहित विद्यालय व्यवस्थापन गर्ने,
७. गाउँपालिकाले समय सान्दर्भिक शिक्षा ऐन नियम निर्माण र कार्यान्वयन गर्ने ।

### ३.९.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित उदेश्यहरू राखेको छ
१. विद्यालयको व्यवस्थापकीय पक्ष सवलसक्षम र सशक्त बनाउनु ,
२. कुशल क्षमतावान ,उत्तरदायी , र प्रविधिमैत्री प्रधानाध्यापकको व्यवस्था गर्नु,
३. ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरी विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूलाई संलग्न गराउनु ।

### ३.९.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः
१. विद्यालयहरूमा ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिने छ,
२. विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिने छ,
३. विद्यालयको आर्थिक पक्ष सबल बनाउन व्यवस्थापन समितिलाई प्रेरित गरिने छ,
४. कार्य सम्पादनमा राम्रा देखिएका विद्यालयका गतिविधिहरू अभिलेखीकरण गरिने छ,
५. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष र प्रधानध्यापकहरूलाई शैक्षिक भ्रमण गराइने छ,
६. राम्रा व्यवस्थापन भएका विद्यालयहरूको अनुभव र गतिविधि आदानप्रदान गरिने छ,
७. शिक्षा ऐन नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिने छ,
८. कुशल ,सक्षम , पारदर्शी, जवाफदेही र प्रविधिमैत्री प्रधानाध्यापकको व्यवस्था गर्न जोड दिइने छ,

९. प्रधानध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यालय प्रशासनिक व्यवस्थापनलाई चुस्त दुरुस्त र स्तरीय बनाइने छ,
१०. प्रधानध्यापकको कार्यक्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन तालिमको व्यवस्था गरिने छ,
११. सबल व्यवस्थापन पक्ष भएका गाउँपालिका भित्रका विद्यालयहरूलाई पुरस्कृत गरिने छ,
१२. कमजोर व्यवस्थापन भएका विद्यालय पहिचान गरी कार्य क्षमता वृद्धिका लागि सहायता दिने व्यवस्था गरिने छ।

### ३.९.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

गाउँपालिका भित्रका सबै विद्यालयहरू कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुने

**प्रमुख नतिजाहरू**

१. कुशल प्रशासन सहित विद्यालय सञ्चालन भएको हुने,
२. योग्य र नियमानुसारका प्रधानाध्यापकको व्यवस्था भएको हुने,
३. सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशील भइरहेको हुने,
४. विद्यालय व्यवस्थापन समिति सक्षम र सक्रिय भइ विद्यालयको शैक्षिक स्तर वृद्धि भएको हुने,
५. विद्यालयको आर्थिक अवस्था सवल भएको हुने।

**क) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन | पटक | १ | | | १ | | २ | ३ | सबै विद्यालय |
| २ | व्यवस्थापन समितिका अध्यक्षहरूको तालिम | सङ्ख्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ३ | अवलोकन भ्रमण | पटक | १ | | १ | | १ | ३ | ५ | |
| ४ | विद्यालयहरू बीच अनुभव आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रधानाध्यापकलाई व्यवस्थपकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालय सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | राम्रा विद्यालय छनोट र पुरस्कृत | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विद्यालय अनुगमन र मूल्याङ्कन | संख्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| १० | अभिभावक शिक्षा कार्यक्रम | संख्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ११ | गाउँपालिकास्तरीय शैक्षिक पात्रो | प्रत्येक घरधुरी | | | | | | | | |

### ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय शिक्षा भन्नाले काम लाग्ने र जीवनोपयोगी शिक्षा भन्ने बुझिन्छ । शिक्षाले व्यक्ति, समाज र राष्ट्रको अपेक्षा पुरा गर्नु पर्दछ । शिक्षा किताबसँग मात्र सिमित छैन । यो तोकिएको पाठ्यक्रम भन्दा व्यापक र बृहत छ । विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र लगाम लगाउनुको साटो उनीहरूको व्यवहार, सोचाइ, स्वभाव र सिर्जनात्मकतामा सकारात्मक परिवर्तन ल्याई जीवन उपयोगी नैतिक र व्यावसायिक शिक्षा दिनु नै गुणस्तरीय शिक्षा हो भन्न सकिन्छ ।

युनिसेफ (**UNICEF**) ले विद्यार्थीहरूको वाह्य अनुभव, सिकाइ गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाइ प्रक्रिया र शैक्षिक परिणाम, जस्ता पाँचवटा तत्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ ।

शिक्षामा गुणस्तरको मापदण्ड भनेको परीक्षामा उच्च अंक ल्याउनु मात्र कदापि होइन । परीक्षामा उच्च अङ्क ल्याउनुको अर्थ हो उसको स्मरण शक्ति, लेख्ने शैली र लेख्ने गतिको स्तरको मापन मात्र हो।तर गुणस्तरीय शिक्षाको मापन समाजका सद्स्यहरूको मानवता, समाजको हितमा हुने उसको व्यवहार र आफ्नो जन्मथलो र समाजका लागि उसले पुर्याउने योगदानले गर्छ । गुणस्तरीय शिक्षाले आफ्ना गाउँ ठाउँको प्राकृतिक स्रोत र साधनलाई उत्पादनमा लगाउँने नागरिक उत्पादन गर्छ । गुणस्तरीय शिक्षाले आफ्ना गाउँ ठाउँको भौगोलिक वातावरण र सँस्कृतिको सँरक्षण सहित आफ्नो समाजलाई अन्य समाजमा तुलनामा सुखी र सम्बृध्द समाज बनाउन आफ्नै स्रोत साधन र आवश्यक्ता अनुसार बाह्य स्रोतको उचित र सहि प्रयोगका तौर तरिकाको विकासमा निरन्तर लाग्ने व्यक्ति निर्माण गर्छ ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको व्यवस्थापन र नियमन गर्ने सम्पूर्ण रूपमा स्थानीय तहलाई सुम्पिएको छ । सङ्घीय संविधानअनुसार शिक्षासम्बन्धी मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सहज पहुँचको सुनिश्चितता गरेको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्कका साथै अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई उच्च शिक्षासम्म निःशुल्क पढ्न पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै दृष्टिविहीन तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने मात्र नभएर मातृभाषामा शिक्षा आर्जन गर्ने व्यवस्था समेत संविधानमा उल्लेख छ ।

सरकारी लगानि र संयन्त्रबाट सञ्चालित सामुदायिक विद्यालयहरू सार्वजनिक विद्यालय हुन् । गुणस्तरिय सार्वजनिक शिक्षा प्राप्तीको लागि गुणस्तरीय आधारभुत तत्वहरू आवश्यक हुन्छन जुन यस प्रकार रहेका छन् ।

१. गुणस्तरीय नेतृत्व
२. गुणस्तरीय शिक्षक
३. गुणस्तरीय सिकारु
४. गुणस्तरीय सिकाइ
५. गुणस्तयरीय विषयवस्तु
६. गुणस्तरीय पूर्वाधार
७. गुणस्तरीय व्यवस्थापन
८. गुणस्तरीय लगानी
९. गुणस्तरिय नीति

दूरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, समसामयिक शिक्षानीति तथा पाठ्यक्रममा मात्र लगानी अनुसार उन्नत शैक्षिक प्रतिफलको अपेक्षा गर्न सकिन्छ । सामुदायिक विद्यालय सबल बनाउँदै गुणस्तरीय शिक्षा आर्जन गर्ने उत्कृष्ट शिक्षण संस्थाका रूपमा विकास गर्न पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, जवाफदेहिता, विद्यार्थी उपलब्धिस्तरका आधारमा निष्पक्ष पुरस्कार र दण्डको व्यवस्था आदिलाई आधारभूत सर्तका रूपमा लिन सकिन्छ ।

### ३.१०.२ वर्तमान अवस्था

नेपालको वर्तमान सार्वजनिक शिक्षा गुणस्तरीय हुनु आवश्यक छ भन्ने कुरा सबैको चासोको विषय बनेको छ। । सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा १० मा लिइएको २०८२ को SEE  र कक्षा १२ को नतिजा निम्नानुसार रहेको छ।

शैक्षिक सत्र २०८१ माध्यमिक शिक्षा परीक्षा (कक्षा-१२) को नतिजा विवरण

| क्र.सं. | | जम्मा सहभागी | ३.६१-४.०० | ३.२१-३.६ | २.८१-३.२ | २.४१-२.८ | २.१-२.४ | वर्गीकृत सङ्ख्या | वर्गीकृत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १२२ | | ४ | २७ | ५२ | १२ | ९५ | ७८ |

शैक्षिक सत्र २०८१ माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को नतिजा विवरण

| क्र.सं. | विद्यालय | जम्मा सहभागी | ३.६१-४.०० | ३.२१-३.६ | २.८१-३.२ | २.४१-२.८ | २.१-२.४ | वर्गीकृत सङ्ख्या | वर्गीकृत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १६८ | १ | १० | १९ | ३७ | ७ | ७४ | ४४.०४ |

ताराखोला गाउँपालिकाको नतिजा पनि माथि तालिकामा रहेको अवस्थाकै निकट रहेको छ। सार्वजनिक विद्यालयको नतिजा कमजोर रहेको र यसलाई सुधार गर्नुपर्ने देखिन्छ

ताराखोला गा मा रहेका.पा.२१ सार्वजनिक विद्यालयमध्ये कक्षा १२ सम्म पठनपाठन हुने ३ विद्यालय मात्र छन्। यी विद्यालयहरूको कक्षा ११ र १२ मा शिक्षा, व्यवस्थापन र प्राविधिक धारतर्फ पशु विज्ञान पठनपाठन हुने गर्दछ। कक्षा १० सम्म पठनपाठन हुने ३ विद्यालयहरू छन्।

विद्यालयको आधारभूत तह (१-५) मा उपलब्धि सुधारका लागि दिवा खाजाको व्यवस्था गरिएको छ। उपयुक्त कक्षा कोठा र शैक्षिक सामाग्रीहरूको अभाव समेत रहेको छ। विज्ञान प्रयोगशाला,  ल्याब, पुस्तकालय आदिको व्यवस्थापनमा थप प्रयास भएमा गुणस्तरीय शिक्षामा सहयोग पुग्नेछ। ताराखोला गाउँपालिकाका विद्यालयहरू औसतमा २२० दिन खुलेको पाइन्छ।

ताराखोला गाउँपालिकाभित्र सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सबलीकरणका चुनौति तथा समस्याहरू निम्नानुसार छन्

१. सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाको परिवारमा शिक्षित अभिभावकको कमी, आवश्यक शैक्षिक सामाग्रीको कमी, विद्यालय नियमिततामा कमी, पोषणको कमी जस्ता कारणले सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धि कम छ।
२. सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन्।
३. विद्यालयले बालविकास केन्द्रलाई व्यवस्थित बनाउन सकिएका छैनन्। बालविकासकेन्द्रहरूकालागिउपयुक्तकक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामग्रीको व्यवस्था, तालिमप्राप्त शिक्षक इत्यादि अभावहरू रहेका छन्।
४. सार्वजनिक शिक्षाको मुल समस्या भनेको तहगत रुपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता हुन नसक्नु हो।

५. कक्षाकोठामा आवश्यक पर्ने न्युनतम शिक्षण सिकाइ सामाग्रीको व्यवस्था गर्न नसक्नु, शिक्षकले आफ्नो पेशागत विकास गर्न स्वसिकाइको प्रयास नहुनु, सिकाइ सहजीकरणको सट्टा परम्परागत शिक्षण प्रक्रियालाई प्रयोग गर्नु, पाठ्यक्रम, शिक्षक निर्देशिकाको सट्टा पाठ्यपुस्तकलाई शिक्षणको प्रमुख साधन बनाउनु ।
६. सामुदायिक विद्यालयमा शिक्षक योग्यता र क्षमताको कमीले भन्दा पनि मेहनत गर्न, थप समय काममा खट्न उत्प्रेरणाको कमीले शिक्षण सिकाइमा सक्रिय नभएको देखिन्छ ।
७. सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुको महत्वपूर्ण कारण विद्यालयमा पढाइ हुने दिन, समय र घण्टा कम हुनु हो । स्थानीय बिदा स्थान विशेषका विशेष चाडबाड परिस्थितिमा गर्नैपर्ने बाध्यता हुन्छ ।
८. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग नहुनु ।
९. आधारभूत तहमा प्रयाप्त शिक्षक दरबन्दी नहुनु र माध्यमिक तहमा विषय शिक्षकको अभाव हुनु ।
१०. फितलो प्रशासनिक व्यवस्थापन ।
११. राम्रा शिक्षकलाई पुरस्कार र गल्ती भएमा दण्डको व्यवस्था नहुनु ।
१२. शिक्षणका लागि गुणस्तरीय पूर्वाधारको अभाव हुनु ।
१३. विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्थापनमा कठिनाई हुनु ।

### ३.१०.३ उद्देश्य

१. बालविकास, आधारभूत र माध्यमिक शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु,
२. विद्यालयलाई वालमैत्री समावेशी र सुरक्षित बनाई विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु,
३. शिक्षण सिकाइ क्रियाकलाप समय सपेक्ष बनाउदै सिकाइलाई प्रविधिमैत्री बनाई दैनिक जीवनसँग सम्बन्धित गर्नु ।

### ३.१०.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः
१. अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ ।
२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न विद्यालयले दिवा खाजा व्यवस्थापन गर्नेछन् ।
३. शिक्षकहरूमा तालिमको व्यवस्था सहित प्रविधि मैत्री बनाइनेछ ।
४. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ ।
५. पठनपाठनको समय र शिक्षकले कक्षाकोठामा बिताउने समय चुस्तदुरुस्त बनाइने छ ।
६. उपलब्धि वृद्धि गर्न आधारभूत तहदेखिनै सिकाइ उपलब्धिमा सुधार गरिदै तहगत रुपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता गरिने छ ।
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ जसका लागि यस ताराखोला गाउँपालिकाद्वारा छुट्टै कोषको व्यवस्था गरिने छ ।
८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालिको व्यवस्थापन गरिने छ ।
९. गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइने छ ।
१०. प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ ।
११. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिंदै सुविधा सम्पन्न वालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ ।
१२. आधारभूत तहमा कक्षागत र माध्यमिक तहमा विषयगत दक्ष शिक्षकको व्यवस्थापनमा जोड दिइने छ ।
१३. विद्यार्थीहरूलाई छात्रवृत्ति, पोषाक र दिवा खाजाको प्रबन्ध गरिने छ ।
१४. गुणस्तरीय शिक्षक, गुणस्तरीय सिकाइ, गुणस्तरीय व्यवस्थापन र गुणस्तरीय पूर्वाधारमा जोड दिइने छ ।

१५. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गरिने छ।

१६. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलाहरू (खेलकुद, गायन, नृत्य, लेखन, अभिनय, लगायत विविध विषयहरू) विद्यालय र गाउँपालिकाभित्र विद्यार्थीहरू बीचमा सञ्चालन गरिने छ।

१७. पढ्दै कमाउँदै कार्क्रमलाई कार्यान्वयनमा ल्याइनेछ।

१८. विद्यार्थीहरुको क्षमता अनुसार उच्च शिक्षा अध्ययनको अवसर सुनिश्चित गरिने छ।

### ३.१०.५ उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उच्च शैक्षिक उपलब्धि सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने

**ख) प्रमुख नतिजाहरू**

१. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,

२. विद्यालय बालमैत्री सुरक्षित हुनुका साथै विद्यालय प्रशासन र व्यवस्थापन चुस्तदुरुस्त समावेशी र जवाफदेही हुने,

३. सबै कक्षा र तहका सिकाइ उपलब्धि उच्च हुने,

४. गुणस्तरीय सिकाइ , व्यवस्थापन र पूर्वाधार सहितको सार्वजनिक शिक्षा हुने,

५. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार भइ प्रविधि मैत्री शिक्षकको व्यवस्थापन हुने,

६. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलाहरूमा विद्यार्थीहरू सक्रिय हुने।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिकामा गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( | | | | | | लक्ष्य ५ वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकास (भवन) | कोटा | | १ | १ | १ | | ३ | ३ | |
| २ | खानेपानी, शौचालय, विज्ञान प्रयोगशाला, पुस्तकालय र मर्मत सम्भार | कोटा | | ६ | ६ | ६ | ३ | २१ | २१ | |
| ३ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | निरन्तर | | | | | | | |
| ४ | शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | निरन्तर | | | | | | | |
| ५ | कक्षागत र तहगत उपलब्धि मूल्याङ्कनवारे छलफल | प्र.अ. र शिक्षक तथा सरोकारवाला सबै | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ६ | शैक्षिक सामग्रीको व्यवस्था (निर्माण र वितरण) | सङ्ख्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ७ | व्यवस्थापन समितिका पदाधिकारी र | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( | | | | | | लक्ष्य ५ वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | अभिभावकलाई नियमित अभिमुखीकरण | | | | | | | | | |
| ८ | दिवा खाजा व्यवस्थापन र अनुगमन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ९ | विद्यालय अनुगमन र सुपरीवेक्षण, शिक्षक सहायता | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| १० | अतिरिक्त कक्षा सञ्चालन र व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ११ | संकटपूर्ण अवस्थामा वैकल्पिक शिक्षणको व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | परिस्थितिजन्य विकल्पको प्रयोग |
| १३ | पुस्तकालय/ बुक कर्नर | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |

## ३.१२ शिक्षामा सूचना प्रविधि

### ३.१२.१ परिचय

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिकतम् प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना प्रविधिको प्रयोगले अकल्पनीय बदलाब ल्याएको छ । पारम्परिक मूल्य–मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य–मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौती दिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ ।

युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, स्मार्ट टिभी, स्मार्ट डिजिटल टिभी, डिजिटलक्यामेरा तथा इमेल

इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनुपर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।

यसले उनीहरूलाई बढी समाजिकीकरण हुन सघाउँछ । यो उपाय शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुनेछ जसले विद्यार्थीलाई आफैँ सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउनेछ । विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिले नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको परिवेशमा प्रविधिप्रति बेवास्ता गर्नु शिक्षालाई पुरानै ढाँचा र ढर्रामा हिँडाउने प्रतिगामी सोच बाहेक केही पनि हुन सक्दैन । शिक्षामा सूचना प्रविधिले सिर्जना गरेका चुनौती चिर्नुपर्ने र पाठ्यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ ।

सिक्ने र सिकाउने सबालमा विकसित नवीनतम् विधि, नियम र तेकनिकीहरूलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको युगमा सूचना तथा प्रविधिको क्षेत्रमा आएका परिवर्तनबाटै सम्भव हुन्छ । देशलाई प्रतिगमन र अधोगतितिर धकेल्ने होइन आधुनिकीकरणको दिशामा अघि बढाउने हो र आधुनिकीकरणको मूल मर्मलाई आत्मसात गर्ने हो भने शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई अनिवार्य आधार बनाउन सकिन्छ । सूचना तथा प्रविधिलाई मुलुकको पुनर्संरचनाको लागि एक महत्वपूर्ण आधारको रूपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन आवश्यक छ ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाइलाई बढावा दिन सकिन्छ । अफलाईन तथा अनलाईन दुबै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ ।

सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तीकरण गर्न धेरै चुनौतीहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ ।

सोही अनुरूप पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक लेखी व्यवहारमा पनि लागू गर्नु आवश्यक छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सच्चाइलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिँड्ने बाटो र विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान र साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो ।

ताराखोला गाउँपालिका अन्तर्गत रहेका सबै विद्यालय शिक्षामा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्नु पर्ने देखिन्छ।

### ३.१२.२ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रामक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि संविधानको धारा ५१ को ज १ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने। शिक्षाको अवस्था यही नै रहेमा यो संवैधानिक व्यवस्था अनुरूप हाम्रो देशले खोजेको जनशक्ति प्राप्त हुने कुरा क्षितिजको यात्रा जस्तै हुने देखिन्छ।

राष्ट्रिय पाठयक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यक्ता औंल्याएको पाइन्छ। यसै प्रारूपबाट सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा विकास गर्ने नीति अगाडि सार्यो। आ.व. २०६४/०६५ देखि सूचना र प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अंगको रूपमा लिँदै हरेक वर्षको वजेट भाषण मार्फत प्राथमिकता पाउँदै आएको छ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ।ताराखोला गाउँपालिकामा सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको पाइन्छ।

ताराखोला गाउँपालिकाभित्र शिक्षा तथा सूचना प्रविधिमा समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन्
१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
४. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु

### ३.१२.३ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने

### ३.१२.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिने छ।
२. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्रीको व्यवस्थापन गरिने छ।
३. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामाग्रीहरू उपलब्ध गराइने छ।

४. कक्षाकोठाहरू प्रविधि तथा सूचनामैत्री बनाइने छ।
५. अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामाग्री वितरण गरिनेछ।
६. IEMIS लाई थप व्यवस्थित गरिने छ।
७. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ।

### ३.१२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुने,
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
४. अनुगमन मूल्याङ्कन सुपरिवेक्षण र सुचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने,
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने,
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी समय सान्दर्भिक र गुणस्तरीय हुने ,
७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | | ५ | ५ | ५ | ६ | २१ | २१ | |
| २ | कक्षा ९-१२ सञ्चालित विद्यालयको वेभसाइड निर्माण | विद्यालय | | ३ | | | २ | ५ | ५ | |
| ३ | शिक्षक तथा कर्मचारीहरूलाई ICT तालिम | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | २०० | |
| ४ | माध्यमिक विद्यालयहरुमा डिजिटल स्मार्ट बोर्ड | सङ्ख्या | | ३ | | ३ | | ६ | ६ | |
| ५ | पाठ्यक्रम पु सन्दर्भ सामाग्री.पा , डिजिटलरूपमा उपलब्ध गराउने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ६ | IEMIS व्यवस्थित गर्ने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ८ | ई- लाईब्रेरीको विस्तार | विद्यालय | | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| ९ | प्रविधिमैत्री कक्षा कोठाको व्यवस्थापन | कक्षाकोठा | १८ | १८ | १८ | १८ | १८ | ९० | १५० | |

| क्र.सं. | क्रियाकलाप | एकाइ | पहिलो पाँच वर्षको लक्ष्य | | | | | जम्मा | ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १० | विद्यालय सुशासन र व्यवस्थापनमा ICT को प्रयोग | विद्यालय | २१ | २१ | २१ | २१ | | २१ | २१ | |

### ३.१३ समावेशी शिक्षा/आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच

### ३.१३.१ परिचय

ताराखोला गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राह्मण, क्षेत्री दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ। विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएका समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ। सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ।

विविधतालाई पहिचान दिनु सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ। बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ।यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ। समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पूरै अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चिता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरू ठाउँपिच्छे भिन्न फरक छन्। यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ।

### ३.१३.२ वर्तमान अवस्था

ताराखोला गाउँपालिकामा २१ सामुदायिक विद्यालयहरू सञ्चालनमा छन्। त्यसैगरी २१ वटा बालविकास केन्द्रहरू रहेका छन्। कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोर्टिङ नभएकाले संख्या कम देखिन गएको छ। जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ। समग्रमा छात्राको प्रतिशत सन्तोसजनक रहेकोले समुदायमा पछाडि परेको बर्गको शिक्षामा पहुँच कम छ भन्न नमिल्ला तापनि अर्थपूर्ण सहभागिता आवश्यक देखिन्छ। समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन। त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीय छात्रवृत्ति रूपमा तोकिएको नर्म्सको आधारमा प्रदान गरिने गरिन्छ खासगरी आधारभूत तहका कक्षा १-५ मा अध्ययन गर्ने सबै छात्राहरू र दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिन्छ। यस प्रकारको सहयोगले समेत पहुच बृद्धि भएको पाइएको छ । यस गाउँपालिकामा कुनैपनि प्रकारको स्रोतकक्षा छैन । बहिरा बालबालिकाहरू सुस्त मनस्थितिका बालबालिकाहरू दृष्टिविहीन बालबालिकाहरूका लागि छुट्टै स्रोत कक्षाको ब्यबस्था यस गाउँपालिकामा हुन नसकेको भएतापनि त्यस्ता प्रकृतिका बालबालिकाहरूलाई छिमेकी पालिकाहरूमा सञ्चालनमा रहेका स्रोत

कक्षामा पठाइ उनीहरूलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ। त्यसैगरी यस गाउँपालिकाबाट SLC/SEE उत्तीर्ण गरी गरी प्राविधिक धारको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूको लागि गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराई प्राविधिक शिक्षा अध्ययन गर्ने कार्यमा पहुँचलाई सहज बनाएको छ यति हुँदाहुँदै पनि समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकेको अवस्था छैन।

**३.१३.३ समस्या तथा चुनौतीहरू**

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको बर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतीहरू निम्न रहेका छन्:-

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु,
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु,
३. बिद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,
४. समाजमा अझैपनि विभेद दुर्व्यवहार हेपाइ र बालमैत्री व्यवहार नहुनु,
५. समाजमा पछि परेको वर्ग दलित ,सहाराविहिन,गरिब ,अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु,
६. विशेष आवश्यकता भएका विद्यार्थीको लागि स्रोतकक्षाको व्यवस्था नहुनु।

**३.१३.४ उद्देश्य**

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याई सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने

**३.१३.५ रणनीतिहरू**

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाको बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधि गरी राखिने छ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोत कक्षाको व्यवस्था गरिनेछ।
४. विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ।
६. विद्यार्थीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ।
८. विद्यालयहरूमा बिशेषत छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ।
९. विशेष आवश्यकता भएका बालबालिकालाई स्रोत कक्षाको लागि छिमेकी स्थानीय तहसँग समन्वय गरि व्यवस्थापन गरिनेछ|

**३.१३.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य**

क) **उपलब्धि**

समाजमा आर्थिक तथा सामाजिक रुपले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको तथ्याङक सहित विद्यालयमा समतामूलक पहुँच भएको हुने

**ख) नतिजा**

१. सवै प्रकारका अपाङ्गता,गरिव, विपन्न,अभिभावक विहिन,बालबालिकाहरू आदिको अभिलेख गाउँपालिकामा हुने,
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ,
३. लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति प्राप्त गरेको हुने,
४. विद्यालयहरूमा लैङ्गिक,जातीय, सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | ५ | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | | ५ | |
| २ | अपाङ्गमैत्री संरचना निर्माण | विद्यालय | | | १ | १ | १ | ३ | ६ | |
| ३ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ४ | विशेष आवश्यकता भएका बालबालिकालाई स्रोतकक्षाको व्यवस्था | | आवश्यकता अनुशार | | | | | | | |
| ५ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | निरन्तर | | | | | | | |

## परिच्छेद ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु

## (Cross Cutting Disciplines)

**परिचय (Introduction)**

विद्यालय शिक्षा अन्तर्गत प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक शिक्षासम्मलाई जनाउँछ । विद्यालय शिक्षासंग सम्बन्धित विद्यमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरु पहिचान गरी लक्ष्य, उद्देश्य, रणनीतिहरु तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरु सहितको योजना समेटिएको छ । यसका अतिरिक्त ताराखोला गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षाका अन्तरसम्बन्धित विषयवस्तुको भूमिका महत्वपूर्ण रहने गर्दछ । विभिन्न अन्तर सम्बन्धित विषयहरु मध्ये समता तथा समावेशीकरण, स्वास्थ्य तथा दिवाखाजा, छात्रवृत्ति, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा आदि पक्षहरु यस योजनामा समावेश गरिएको छ ।

**४.१. शैक्षिक समता र समावेशीकरण (Gender Equity and Inclusiveness)**

**४.१.१ परिचय (Introduction)**

ताराखोला गाउँपालिकामा विभिन्न जातजातिगत तथा सांस्कृतिक भेषभूषा भएका नागरिकको बसोबास छ । समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि छन् ।

विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता Diversity लाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता Equity कायम गर्नु आवश्यक छ । समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ । सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकोले महत्वपूर्ण र अत्यावश्यक छ ।

**४.१.२. चुनौती (Challenges)**

शैक्षिक समता र समावेशीकरण अन्तर्गत लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका बालबालिकाहरुलाई शिक्षा समतामूलक पहुँच पु¥याउनु, सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु, अपाङ्गता भएका भौगोलिक विकट अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा टिकाई राख्नु, लक्षित समुहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्नु, विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्नु र कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार नहुने सुचिश्चितता सहित बालमैत्री विद्यालय बनाउने प्रमुख चुनौती रहेको छ ।

**४.१.३. अवसरहरु (Opportunities)**

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट राख्दै आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था, अपाङ्गता भएका एवं आर्थिक रुपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन ०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरी लागु गर्दै जाने सन्दर्भमा संघीय स्वरुप अनुसारको तीन तहको सरकारसंग अन्तर सम्बन्ध कायम राख्दै आफ्ना योजना र कार्यक्रम अनुसार शिक्षामा समता र समावेशीकरणमा सफलता हासिल गर्न सकिने अवसर रहेको समेत रहेको छ ।

**४.१.४. लक्ष्य (Goal)**

विद्यालय तहको शिक्षामा समतामूलक एवं समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**४.१.५. उद्देश्य (Objectives)**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरुलाई शिक्षामा पहुँच पुर्याउने ।

- लक्षित समुहका बालबालिकाहरुले सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
- विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिहरुले पेशागत दक्षता र समक्षता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्दै जवाफदेही बनाउने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिसा र दुब्र्यवहार नहुने सुनिश्चितता गर्ने ।

**४.१.६. रणनीतिहरु (Strategies)**

- घरघुरी सर्वे क्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सिकाइलाई जीवनोपयोगी सिपसंग आबद्ध गरिने छ ।
- आवश्यकता अनुसार पोशाक, स्टेसनरी तथा सिकाई सामग्रीका लागि छात्रवृत्ति उपलव्ध गराइने छ ।
- विद्यालय अभिभावकको संलग्नता बढाइने छ ।
- विद्यालय गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ ।
- सवै विद्यालयहरुमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्वन्धी सेवा तथा शिक्षाको प्रबन्ध प्रदान गरिने छ ।
- किशोरीहरु लक्षित महिनावारी स्वच्छता सम्वन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

**४.१.७. उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**
**(Out Comes, Key Result and Main Activities and Target)**
**क) उपलव्धि (Out Comes)**
विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनु ।

**ख) नतिजा (Key Result)**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न सबै बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
- लक्षित समूहका बालबालिकाहरुको सिकाईमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने
- विद्यालयहरुमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुव्र्यवहार र हेपाइरहित वालमैत्री बातावारण सिर्जना हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय उमेर समुहका बालिकालिका पहुँच सम्बन्धमा घरधुरी सवेक्षण गर्ने | पटक | १ | | | | | १ | १,००,००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | गाउँपालिका स्तरमा शैक्षिक समता र समावेशीकरण कार्यान्वयनका लागि सञ्चय विकास गर्ने | | | १ | | | | | |
| ३. | विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई विद्यालयभित्र ल्याउन सुनिश्चित गर्ने, जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने | पटक | | | १ | | | १ | १,००,००० |
| ४. | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार हेपाइ नहुने अवस्था सुनिश्चित गर्न घोषणा र कार्यन्वयन गर्ने | पटक | १ | १ | ३ | | १ | २ | १,००,००० |
| ५. | शैक्षिक समता र समावेशीकरणका लागि विपन्न बालबालिकाका लागी शैक्षिक सामग्री एव स्टेशनरी पोशाक वितरण | पटक | | | | १ | १ | २ | २,००,००० |

### ४.२. दिवा खाजा सहित स्वास्थ्य पोषण कार्यक्रम (Health and Nutrition Programmed Day meal)

#### ४.२.१. परिचय (Introduction)

बालकालिकाको विकास र सिकाइसंग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाहरुलाई सिकाइ सहभागिता बढाई उपलव्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाइ तथा स्वच्छता सम्वन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्वन्धी सरसफाइ तथा स्वच्छता Menstrual Hygiene सम्वन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलव्धि सुधार गर्न सहयोग गर्दछ।

#### ४.२.२. चुनौती (Challenge)

सबै आधारभू तह तथा माध्यमिक विद्यालयमा  नर्सको व्यवस्था गर्ने ,दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने ,उपयुक्त स्वरुप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ,दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकास लगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने ,विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसंग जोड्ने, विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने ,विद्यालय स्वास्थ्य, पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सबै विद्यालयमा वास सुविधा सहितको सुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने विषय अझ पनि चुनौतिपूर्ण नै छ।

#### ४.२.३. अवसर (Opportunities)

नेपालको पन्धौं योजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलव्धिहरु हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रुपमा अघि सार्नु, सोही योजनाले एक विद्यालय एक स्वस्थ्य कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरुमा खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने

खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी, विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल लैङ्गिक अपाङ्गता र बातावरण मैत्री शौचालय, वातावारणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितको भान्सा÷खाजाघर, विपद जोखिम व्यवस्थापन, दिगोपनका लागि संस्थागत व्यवस्थाहरु गरिदै गएका छन्। बालबालिकाहरुको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङ्गिक समानता सूचकजस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिमा सुधार गरी विद्यार्थीको टिकाउ दर बढाउन सकिने उल्लेखित कार्यकलापले अवसर समेत प्रदान गरेको छ।

### ४.२.४. लक्ष्य (Goal)

विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाईमा सुधार, विद्यालयमा टिकाउ सहित सुरक्षित तथा रमाईलो सिकाई वातावरणको पूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।

### ४.२.५. उद्देश्य (Objectives)

- विद्यालय खाजासंग सम्वन्धित सेवाहरुमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
- विद्यालयमा बालबालिकाहरुको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवा सुधार गर्नु।
- विद्यालयमा अध्ययन गर्ने बालबलिकाहरुका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.२.६. रणनीतिहरु (Strategies)

- बालबालिकाको लागि विद्यालयमा नै पोषिलो तथा ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडा बर्तन र अन्य सामग्रीहरु तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ।
- दिवा खाजा लयायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाईने छ।
- विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरुका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसंग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

### ४.२.७. उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Out Comes, Key Result and Main Activities and Target)

**क. उपलव्धि (Out Comes)**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता Well Being मा अभिवृद्धि तथा सिकाईमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

**ख. प्रमुख नजिताहरु (Key Result)**

- विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रुपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने।

- विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरुका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।
- सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरुले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।
- प्रारम्भिक बालबिकास शिक्षा देखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरुले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने ।

**ग. प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्धको कर्मचारी व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | | |
| २. | दिवाखाजाको तयारी तथा वितरण तथा अभिमुखीकरण | | २१ | २१ | २१ | २१ | २१ | १०५ | | |
| ३. | बर्षको २ पटक बालबालिकाको स्वास्थ्य परीक्षण | विद्यालय | १२००० | १२००० | १२००० | १२००० | १२००० | ६०००० | | |
| ४. | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापना | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | | |
| ५. | खाजा सामाग्री व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | १०५ | | |

## ४.३. छात्रवृत्ति (Scholarship)

### ४.३.१. परिचय (Introduction)

छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहीन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिता का लागि सहयोग गरी समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लयायतका सामग्रीहरु, दिवा खाजा इत्यादी उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ । त्यसै गरी यसबाट विद्यालयमा उपस्थित हुन र सिकाईमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाई सुधार गरी शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ ।

**४.३.२. चुनौति (Challenges)** धेरै विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृ तिको रकम ज्यादै न्यून हुनु, धेरैजसो छात्रवृत्तिहरु निश्चित आधार तथा आवश्यकतामा आधारित नभई सबैलाई प्रदान गरिनु, अधिकांश छात्रवृत्ति गरिबी केन्द्रित नभई जातजाति र लिङ्गलाई आधार मानेर प्रदान गरिनाले यसको औचित्य र सान्दर्भिकतामा प्रश्न उठ्नु, आवासीय बाहेकका छात्रवृत्तिका उद्देश्य तथा उपयोगिता स्पष्ट पार्नु, कतिपय व्यक्ति तथा सेवाग्राहीले जातजाति र लिङ्गका आधारमा दिईने यस्ता छात्रवृत्तिप्रति सकारात्मक नहुनु र यसले सामाजिक असमानतालाई घटाउन भन्दा बढाउन सहयोग गरेको सोचाई राख्नु, लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहमा स्वायत्तता नहुनु, छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्नलाई प्रभावकारी बनाउनु मुख्य चुनौती रहेको छ।

**४.३.३. अवसरहरु (Opportunities)**

लक्षित समुदायहरु विशेषतः गरिब, सुविधाविहिन, अपाङ्गता भएका तथा विभिन्न किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुरालाई नेपालको संविधान तथा विभिन्न नीतिहरुले पनि आधार प्रदान गरेको छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० सम्मका सबै विद्यार्थीले शुल्क तिर्ने नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने व्यवस्था रहेको छ भने कक्षा ५ सम्मका सबै विद्यार्थी का लागि विद्यालयमा दिवा खाजाको प्रबन्ध भएको सन्दर्भमा विद्यार्थीको विद्यालयमा उपस्थिति र टिकाउ दर बढाउन यसलाई अवसरको रुपमा समेत लिने गरिएको छ। सिकाई प्रक्रियासंग प्रत्यक्ष रुपमा सम्वन्धित आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु उपयुक्त हुन्छ।

**४.३.४. लक्ष्य (Goal)**

विद्यालय तहको शिक्षामा सवै बालबलिकाहरुको पहुँच र सहभागिता सुनिश्चित गर्ने।

**४.३.५. उद्देश्य (Objectives)**

- आर्थिक रुपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालयमा सहज पहुँच पुर्याई सिकाइमा उनीहरुको सहभागिता र उपलब्धि बढाउने।
- विद्यालय शिक्षामा समता वृद्धि गरी समावेशी बनाउने।
- सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने।

**४.३.६. रणनीतिहरु (Strategies)**

- छात्रबृत्तिका लागि मूलतः गरिबीलाई केन्द्रित गरी आर्थिक रुपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरु सहभागी हुने व्यवस्था मिलाइने छ।
- सम्बन्धित विद्यालय र समुदायको सहभागितामा स्थानीय तहमा छात्रवृति व्यवस्थापन समिति गठन गरिने छ।
- गाउँपालिकाले आवश्यक स्रोत व्यवस्था सहित कार्यविधि तयार गरी थप विद्यार्थीलाई विद्यालय तहदेखि उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने प्रणालीको विकास गरिने छ।

**४.३.७. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Out Comes, Key Result and Main Activities and Target)**

**क. उपलब्धि (Out Comes)**

विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई समता र समावेशितामा सुधार हुने।

**ख. प्रमुख नतिजाहरु (Key Result)**

विशेषतः गरिबीमा रहेका, कठिन परिस्थितिमा रहेका, सुविधाविहीन र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने। उद्देश्य र आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने लक्षित समूहको विद्यालयमा भर्ना हुने।

**ग. प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Main Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण समितिको बैठक | बैठक | १ | | १ | | | २ | | |
| २. | गा पा स्तरको विपन्न गरिब तथा विपन्न सहयोग छात्रवृत्ति निर्देशिका स्वीकृत | निर्देशिका | १ | | | | | १ | | |
| ३. | आधारभूत तहमा असहाय, अनाथ तथा विपन्न परिवारका बालबालिकाका लागि छात्रवृत्ति | | १० | १० | १० | १० | १० | ५० | | |
| ४. | उच्च तहमा आर्थिक र सामाजिक रुपले विपन्न, असहाय, दलित, सीमान्तकृत र अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ति | प्रतिशत | १० | १० | १० | १० | १० | ५० | | |
| ५. | विशेष बालबालिकाहरुको लागि विशेष छात्रवृत्तिको | विद्यार्थी | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| ६. | गाउँपालिकास्तरमा कक्षा ३, ५ र ८ मा उत्कृष्ट सिकाइ | विद्यार्थी सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि प्राप्त गर्ने जेहेन्दार छात्र छात्रालाई छात्रवृत्ति | | | | | | | | | |

**४.४. आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and crisis situation)**

**४.४.१. परिचय (Introduction)**

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपले अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्य क्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and crisis) को रुपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासंग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो ।

**४.४.२. चुनौती (Challenges)**

आपतकालीन अवस्थामा शिक्षा (Education in Emergency) अन्तर सम्वन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बोधन गर्ने ,छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग Component मा यस विषयको प्रत्याभूति गर्ने ,प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने Unpredictable घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ,कतिपय सङ्कट अन्तराष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन सङ्कटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालिन बनाउने कि दीर्घकालिक तथा सङ्कटकालीन शिक्षा योजना निर्माणमा के सहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतीको रुपमा रहेका छन् ।

**४.४.३. अवसर (Opportunities)**

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरुका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, त्यसै गरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाई र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँ चा र कार्यान्वयन निर्देशिका, २०६८ र बृहत्तर विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरु कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन् । दिगो र अनुकूल सिकाई वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरुको तय गरेको छ । पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धी विषयको अध्याय उल्लेख गरिएको छ ।

**४.४.४. लक्ष्य -Goal_**

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने ।

**४.४.५. उद्देश्यहरु -Objectives_**

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
- सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील Resilient प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने preparedness
- सङ्कटको प्रतिकार्य योजनाको संयन्त्र र कार्यढाँचा तयार गर्ने।
- अल्पकालीन र दीर्घकालीन पुनस्थापना योजना निर्माण गर्ने।

### ४.४.६. रणनीतिहरु (Strategies)

- गाउँपालिकाको शिक्षा क्षेत्रमा प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव पार्ने विपद वा सङ्कटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटासन्नता Vulnerability को मूल्याङ्कन Assessment तथा विश्लेषण गरिने छ।
- सङ्कटासन्नता Vulnerability को मूल्याङ्कन assessment का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत् Comprehensive योजना र विद्यालयहरुले आ आफ्नो विद्यालयको योजना तयार गर्ने छन्।
- प्राकृतिक प्रकोपले जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरुलाई कार्यान्वयनमा ल्याइने छ।
- विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरुलाई समयानुकुल पुनःव्याख्या तथा प्रयोगमा ल्याइने छ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापना गरिने छ।
- शिक्षा सम्बन्धी ऐन, कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरुको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिका हरुलाई एकीकृत गरिने छ।

### ४.४.७. उपलव्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य (Out Comes, Key Result and Main Activities and Target)

**क. उपलब्धि (Out Comes)**

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

**ख. प्रमुख नतिजा (Key Result)**

- विद्यालय तथा समग्र .शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुर्नउत्थानको योजना तथा क्षमता विकास हुने।
- भूकम्प प्रतिरोधी विद्यालय भवन र आपतकालीन शैक्षिक योजना स्वीकृति र कार्यान्वयन हुने।
- महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह सिकाईको निरन्तरता हुने।
- युद्ध, सामाजिक द्वन्द्व, हिंसा बसाइसराइ आदि आएको अवस्थामा पनि आधारभूत आवश्यकतासहित सिकाइको निरन्तरता भएको हुने।

**ग. प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Main Activities and Target)**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | गाउँपालिका स्तरीय भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माण निर्देशिका स्वीकृति र कार्यान्वयन | गाउँपालिका | १ | | | | | १ | | |
| २. | शिक्षक तथा वि.व्य.स. का लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | जना | २० | २० | २० | २० | | ८० | | |
| ३. | गाउँपालिकामा आपत्कालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | गाउँपालिका | १ | | | | | १ | | |
| ४. | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | २० | २० | २० | ६० | | | | |
| ५. | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षिका कार्यकर्ताको व्यवस्था | विद्यालय | २१ | | | | | २१ | | |

## परिच्छेद-५

## संस्थागत संरचना र क्षमता विकास (प्रदेश र सङ्घीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

देशको वर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय

संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ।

**४.२ वर्तमान अवस्था**

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ जसले राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन। एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुन: परिभाषित गर्नुपर्ने देखियो। जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ। साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ। तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ। कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन। विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन। शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ। विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ। सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ। नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ।

सङ्घीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ। यसै परिवेशमा

स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ।

**४.३ उद्देश्य**

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ। यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने,
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र सङ्घीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने,
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

**४.४ रणनीतिहरू**

१. स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबीच समन्वय र सहकार्य गरिने छ।
२. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ।
३. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।
४. पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख सञ्चालन व्यवस्थापन गर्न गाउँ शिक्षा समिति गठन गरी क्रियाशील गरिने छ।
५. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीच सहकार्य गरी शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।
६. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।
७. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ।
८. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ।

**४.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप**

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने

**ख) प्रमुख नतिजाहरू**

१. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
२. तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,

३. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुने,

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक कार्यसम्पादनप्रति उत्तरदायी विद्यार्थीको सिकाइप्रति जवाफदेही समतामूलक तथा समावेशी कार्यसम्पादन उद्देश्यमूलक प्रभावकारी तथा कुशल हुने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य ५ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय तहको शिक्षा ऐन तथा नियमावली निर्माण | सङ्ख्या | | १ | | | | १ | २ | पालिका स्तर |
| २ | गाउँ शिक्षा समितिको गठन | समिति | १ | | | | | | | पालिका स्तर |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरिने | प्र.अ. | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | हरेक वर्ष सबै प्रअसंग |
| ४ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धतिको विकास गरी कार्यान्वयन गर्ने | पद्धति | | १ | | | | १ | २ | पालिका स्तर |
| ५ | विद्यालय स्वास्थ्य तथा पोषण सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्यव सम्बन्धी विकास | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | विद्यालय र स्थानीय तह |
| | | | | | | | | | | |

# परिच्छेद -५
## लगानी र स्रोत व्यवस्थापन

### ५.१ परिचय

कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च अवस्थातर्फ लागेको पाइन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ । आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । नेपालको संविधानले आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय

व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ। स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्थासमेत गर्न सकिन्छ।

ताराखोला गाउँपालिकाले पनि माथि उल्लेख भए अनुसारका बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्ने गरेको पाइन्छ । शिक्षामा आवश्यक पर्ने केन्द्रिय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरू हासिल गर्न प्रयास गरेको पाइन्छ। शिक्षकहरूको तलब भत्ताको व्यवस्था सङ्घीय सरकारले व्यहोर्ने व्यवस्था छ। निजी क्षेत्रले समेत शैक्षिक क्षेत्रमा विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिएको पाइन्छ।

### ५.२ वर्तमान अवस्था

ताराखोला गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको पाइन्छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । आइसिटीका लागि बजेट व्यवस्थापन, शिक्षकहरूलाई तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ । सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीनै तहले शिक्षा क्षेत्रमा गरेको प्रयासको बाबजुद विभिन्न समस्या र चुनौतीहरू कायमै रहेको पाइन्छ। पर्याप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहले शिक्षा क्षेत्रमा आवश्यकता अनुसारका बजेट व्यवस्थापन गर्न कठिनाइ पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु इत्यादि चुनौतीहरू स्थानीय तहमा कायमै छन्।

### ५.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. गाउँपालिकाभित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि वित्तीय स्रोत प्रक्षेपण र परिचालन गर्ने,

२. सङ्घीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पष्ट गर्नु,

### ५.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू निम्न अनुसार हुनेछन्:

१. सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिनेछ।

२. वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिनेछ।

३. सरकारी अनुदान प्राप्त विद्यालयहरूलाई सहभागी गराई गुणस्तर र जवाफदेही बनाइनेछ।

४. संघ र प्रदेशबाट नपुग भएका शैक्षिक क्षेत्रहरूमा गाउँपालिकाद्वारा वित्तीय व्यवस्थापन गरिनेछ।

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ।

६. वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी पारदर्शी र उत्तरदायी बनाइनेछ।

७. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।

८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ।

९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गरिनेछ।

१०. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ।

योजनामा प्रस्तावित गरिएका विभिन्न शीर्षकहरूका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरूका लागि बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भए अनुसार नि:शुल्क र अनिवार्य शिक्षा र माध्यमिक तहको नि:शुल्क शिक्षालाई ध्यान

दिइएको छ। आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर कायम हुने गरी वित्तीय अनुमान गरिएको छ। भर्ना वृद्धि दर तथा टिकाउ दर बढाउने र व्यवसायिक सीप हासिल गर्नु उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ। गुणस्तरीय शिक्षालाई थप बल पुग्ने गरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ। शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई जोड दिइएको छ। स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग तथा राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनमा प्रयास गरिएको छ। आधारभूत तहमा दिवा खाजा शिक्षकहरूलाई आइसिटीको पहुँच, विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था, नि:शुल्क पाठ्यपुस्तक वितरण, आवासीय विद्यालयको अवधारणा, स्वास्थ्य शिक्षा र सरसफाइ इत्यादि विषयहरू कार्यक्रममा समेटिएका छन्। आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पठनपाठन सञ्चालनका लागि समेत वित्तीय व्यवस्थापन गरिएको छ। प्राविधिक धारका विद्यालयहरूको सञ्चालन र व्यवस्थापन गर्ने, विद्यालय व्यवस्थापन मजबुद बनाउने, विद्यालयको गुणस्तर सुधार हुने इत्यादि आधारमा समेत बजेट विनियोजन गरिएको छ।

विद्यालयका क्षेत्रका विभिन्न विषयमा प्रस्तावित बजेट

| क्र.स. | प्रमुख क्षेत्रहरू | २०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास | २१,२५,००० | २२,२५,००० | २३,२५,००० | २४,२५,००० | २५,२५,००० | १,१६,२५,००० |
| २ | आधारभूत शिक्षा | ५८,२०,००० | ५९,२५,००० | ६०,२५,००० | ६१,२५,००० | ६२,२५,००० | ३,०१,२०,००० |
| ३ | माध्यमिक शिक्षा | १,१६,१०,००० | १,१८,१०,००० | १,२०१०,००० | १,२२,१०,००० | १,२५,१०,००० | ६,०१,५०,००० |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ८,२५,००० | १०,२५,००० | १२,२५,००० | १४,२५,००० | १५,२५,००० | ६०,२५,००० |
| ५ | पाठ्यक्रम र पाठ्यसामग्री | १४,८०,००० | १५००००० | १६,८०,००० | १७,८०,००० | १८,८०,००० | ८३,२०,००० |
| ६ | शिक्षक व्यवस्थापन | १८,१८,००० | १९,१८,००० | २०,१८,००० | २१,१८,००० | २२,१८,००० | १,००,९०,००० |
| ७ | विद्यालय व्यवस्थापन | ७,५०,००० | ८,५०,००० | ९,५०,००० | १०,५०,००० | ११,५०,००० | ४७,५०,००० |
| ८ | गुणस्तरीय सार्वजनिक शिक्षा | १७,१०,००० | १६,१०,००० | १५,१०,००० | १४,१०,००० | १३,१०,००० | ७५,५०,००० |
| ९ | शिक्षामा सूचना प्रविधि | १३,६०,००० | १२,६०,००० | ११,६०,००० | ११,१०,००० | ११,५०,००० | ६०,४०,००० |
| १० | समावेशी शिक्षा | ६,००,००० | ६,००,००० | ६,००,००० | ६,००,००० | ६,००,००० | ३०,००,००० |
| ११ | संस्थागत संरचना र क्षमता विकास | २,५०,००० | २,५०,००० | २,५०,००० | २,५०,००० | २,५०,००० | १२,५०,००० |

माथि उल्लेखित तालिका अनुसार शिक्षा क्षेत्रका १२ वटा उपक्षेत्रहरूमा प्राथमिकताका आधारमा प्रत्येक वर्षका लागि बजेट अनुमान गरिएको छ। शिक्षामा सबैको पहुँच सहित गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्नका लागि प्रस्तावित बजेटले मार्गनिर्देश गर्नेछ। योजना कार्यान्वयनको पहिलो वर्षको तुलनामा अरु वर्षको बजेट वृद्धि गर्दै लगिएको छ। प्रस्तुत बजेटको अनुमान संघ, प्रदेश र स्थानीय तहलाई समेत ध्यानमा राखी प्रस्तुत गरिएको छ।

**संघीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट रु हजारमा**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | ७२,९०० | ७३,५०० | ७४,५०० | ७५,००० | ७७,००० | ३,७२,९०० |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक ,राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान | २१,९०० | २३,४०० | २३,९०० | २४,५०० | २५,५०० | १,१९,२०० |
| ३ | आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९२३ | ९६० | ९७० | ९८० | ९९० | ४,८२३ |
| ४ | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३,४६८ | ३,५५० | ३,५५५ | ३,५६५ | ३,५७५ | १७,७१३ |
| ५ | प्रारम्भिक वालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ७,७६९ | ७,७८९ | ७,७९९ | ७,८०० | ७,८५० | ३९,००७ |
| ६ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २,३०० | २,४०० | २,५०० | ३,५०० | ३,६०० | १४,३०० |
| ७ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | ८१७ | ८३५ | ८५० | ८९० | ९०० | ४,२९२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | सार्वजनिक विद्यालयका विद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | १,३८३ | १,४०० | १,४५० | १,५०० | १,५५० | ७,२८३ |
| ९ | नमुना विद्यालय भौतिक निर्माण | १०,००० | ० | ० | ० | ० | १०,००० |
| १० | सार्वजनिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थान | ४९० | ४९५ | ५०० | ५१० | ५२५ | २,५२० |
| ११ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति | २७४ | ३०० | ४०० | ४५० | ५०० | १,९२४ |
| १२ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३,६३२ | ३,७०० | ३,७५० | ३,७६० | ३,८०० | १८,६४२ |
| १३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ७३० | ७५० | ८०० | ८५० | ९०० | ४,०३० |
| १४ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १,७१० | १,७५० | १,८०० | १,८५० | १,९०० | ९,०१० |
| १५ | बिपन्न लक्षित छात्रवृत्ति कक्षा (६-१२) | ५४ | ६५ | ९० | १०० | १५० | ४५९ |

# परिच्छेद- ६

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ६.१ योजना कार्यान्वयन

### ६.१.१ परिचय

योजना निर्माण एक अनुमानित कार्ययोजनाको खाका हो । कुनै कार्यसम्पादन गर्नु अगाडिको महत्त्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । कुन कुन कार्यहरू के कसरी गर्ने ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषयवस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जनअपेक्षाहरू, स्रोतसाधन अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरिन्छ ।

योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतीपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल दिन सक्छन् । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुन: प्रारम्भ गर्ने बाटो खुल्छ ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित संगठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । योजना कार्यान्यिवनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ ।

माथि उल्लिखित योजनाहरू ताराखोला गाउँपालिकाले के कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरू के के गर्ने ? भन्ने बारेमा प्रष्ट पार्न खोजिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतया: विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि संगठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापन पक्षमा देखिएका चुनौती तथा समस्याहरू निम्न अनुसार छन् ।

१. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,
२. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरू स्पष्ट नहुनु,
३. जनशक्तिको अभाव हुनु ।

### ६.१.३ योजना कार्यान्वयन प्रबन्ध

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गरिनेछ :-

**स्थानीय तह**

१. संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिनेछ,
२. शिक्षा शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिने छ,
३. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम र नीति र निर्देशनको व्यवस्था गरिनेछ,
४. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिने छ ।

**विद्यालय**

१. विद्यालय सुधार योजना निर्माण गर्ने,
२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने,
३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने,
४. योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,
५. स्थानीय अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्किया तथा सहकार्य गर्ने,
६. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने ।

### ६.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

#### ६.१.४.१ परिचय

योजनाहरू विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के कसरी भएको छ ? भनी सुनिश्चित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन आवश्यक पर्छ । निर्धारित समयमा क्रियाकलापहरू कार्यतालिका अनुसार भए नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए नभएको समेत अनुगमन तथा मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ । कार्यान्वयनमा रहेका योजनाहरूका लक्ष्य र प्रगति वारेमा नियमित तथा आवधिक रूपमा निगरानी, निरीक्षण, एवम् जाँचबुझ गर्न जरूरी हुन्छ । योजना के कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ या छैन ? नियम र प्रकृया अनुसार छ या छैन ? कुन कुन निकाय या व्यक्तिले अनुगमन गर्ने ? के कस्ता समस्याहरू कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के कसरी गर्न सकिन्छ ? योजनाले दीर्घकालीन फाइदाहरू के कसरी दिन सक्छ ? इत्यादि विषय वस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र हुन जरूरी हुन्छ ।

योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणको आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन् । योजनाहरू बहुक्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्नसक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नु पर्ने हुन्छ । विभिन्न निकाय र व्यक्तिहरू बीचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तीव्रता ल्याउन सकिन्छ ।

यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ

#### ६.१.४.२ वर्तमान अवस्था

ताराखोला गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरूको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गाउँपालिका शिक्षा शाखा मार्फत हुने गरेको छ । गाउँपालिकाका जनप्रतिनिधिहरूबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्वपूर्ण भूमिका रहँदै

आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्ममेवारी गाउँपालिकाको रहेकोले सबै संयन्त्र गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ ।

योजना अनुगमन तथा मूल्याङ्कनमा निम्न लिखित चुनौतीहरू पहिचान गरिएको छ :-

१. अनुगमन तथा मूल्याङ्कनका मापनयोग्य सूचकको तय गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सीप र दक्षता भएका जनशक्तिको व्यवस्था गर्नु,
३. अनुगमनलाई नियमित र एकरूपता बनाउनु,
४. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

**६.१.४.३ उद्देश्य**

१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्नु,

२. योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजीकरण विकास गर्नु ।

**६.१.४.४ रणनीतिहरू**

१. अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरूको निर्माण गरिनेछ ।
२. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइनेछ ।
३. अनुगमनका लागि विभिन्न सूचकहरू बनाइनेछ ।
४. विद्यालय र गाउँपालिका बीच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।
५. गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिनेछ ।
६. जनप्रतिनिधिहरूलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइनेछ ।
७. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।
८. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागू गरिनेछ ।
१०. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ ।

**६.१.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतीहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने,
२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,
३. विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार हुने,
४. समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने ।

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (५ बर्ष) | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित सूचक निर्माण | पटक | | १ | १ | | | २ | ४ | |
| २ | अनुगमन कार्य | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | समन्वय तथा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | अनुगमन मूल्याङ्कन र क्षमता विकास | पटक | १ | | | १ | | २ | ४ | |

# परिच्छेद- ७
## मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक

### ७.१ परिचय

योजनाले राखेको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य परिपूर्तिका लागि विभिन्न रणनीतिहरू अवलम्बन गरिएको छ । रणनीतिका आधारमा क्रियाकलापहरू तय गरिएको छ । गन्तब्यमा पुग्नका लागि उपलब्धि तथा सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजा प्रति जबाफदेही बनाउन सहयोग गर्दछ ।

### ७.२ योजनाको समग्र नतिजा खाका

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
|---|---|---|
| १. सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने<br>२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने<br>३. माध्यमिक शिक्षामा सबैको पहुँच भई गुणस्तरमा सुधार हुने<br>४. उच्च शिक्षा हासील गर्ने उमेरका सबै युवाहरू उच्च लाई गुणस्तरीय शिक्षाको सुनिश्चितताहुने<br>५. उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुने<br>६. पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने<br>७. सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,<br>८. गाउँपालिका भित्रका सबै विद्यालयहरू कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुने<br>९. सबै नागरिकहरूलाइ साक्षरता निरन्तर शिक्षा र जीवन प्रयन्त सिकाइको अवसर प्राप्त हुने<br>१०.उच्च शैक्षिक उपलब्धि सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने<br>११.समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपागता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने | | - वार्षिक परीक्षाको प्रतिवेदन<br>- विद्यार्थी उपलब्धि<br>- अनुगमन प्रतिवेदन<br>- शैक्षिक सूचनाहरू<br>- उपलब्धि परीक्षाको नतिजाहरू |

| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
|---|---|---|
| १२.शिक्षक तथा विद्यार्थीहरूको लगि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुने<br>१३.शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने | | |

## अनुसूचीहरु

### अनुसूची १

### जन प्रतिनिधिको विवरण

| सि.न. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | धन बहादुर वि.क.(हिमाल) | अध्यक्ष | ९८५७६२३५०१ |
| २. | भिम बहादुर रोका | उपाध्यक्ष | ९८५७६६११२७ |
| ३. | यम बहादसर श्रीस | वडा अध्यक्ष वडा नं १. | ९८५७६६११२१ |
| ४. | भद्र बहादुर घर्ति | वडा अध्यक्ष वडा नं.२ | ९८५७६६११२२ |
| ५. | प्रेम बहादुर बुढाथोकी | का.वा.वडा अध्यक्ष वडा नं.३ | ९८५७६६११२३ |
| ६. | जित बहादुर खत्री | वडा अध्यक्ष वडा नं.४ | ९८५७६६११२४ |
| ७. | मन बहादुर रोका | वडा अध्यक्ष वडा नं.५ | ९८५७६११२५ |
| ८. | गौरीमाया गुरूङ | कार्यपालिका सदस्य वडा नं.१ | ९८५७६२७२४३ |
| ९. | चन्द्रकली रोका | कार्यपालिका सदस्य वडा नं.१ | ९८६७६४०४१९ |
| १०. | फुलमाया पुन | कार्यपालिका सदस्य वडा नं.२ | ९८६६०६३७३३ |
| ११. | खड्क बहादुर वि.क. | कार्यपालिका सदस्य वडा नं.२ | ९८४६८११८७१ |
| १२. | मन कुमारी दर्जी | कार्यपालिका सदस्य वडा नं.३ | ९८४०७७१६९९ |
| १३. | लाल प्रसाद शेरचन | कार्यपालिका सदस्य वडा नं.४ | ९८६७७०५४५० |
| १४. | भक्त बहादुर नाइसा | वडा सदस्य वडा नं.१ | ९८६०२४७५५४ |
| १५. | नन्दकली परियार | वडा सदस्य वडा नं.१ | ९८४८४०६५८५ |
| १६. | टेक बहादुर रोका | वडा सदस्य वडा नं.२ | ९८४३५४४७४७ |
| १७. | विर बहादुर घर्ति | वडा सदस्य वडा नं.२ | ९७४५९८८४११ |
| १८. | मिना सुनार | वडा सदस्य वडा नं.२ | ९८६०६६४१५२ |
| १९. | माया क्षेत्री बस्नेत | वडा सदस्य वडा नं.३ | ९८४७६३८८६८ |
| २०. | पूर्ण बहादुर थापा | वडा सदस्य वडा नं.३ | ९८६६५६४०७१ |
| २१. | तिल कुमारी बुढाथोकी घर्ति | वडा सदस्य वडा नं.४ | ९८४६८८२२०४५ |
| २२. | अनन्त कंडेल | वडा सदस्य वडा नं.४ | ९८४७६५३८०८ |
| २३. | सिता कामी | वडा सदस्य वडा नं.४ | ९८६७७१९६३१ |
| २४. | तारानाथ कंडेल | वडा सदस्य वडा नं.५ | ९८४७७११८६६ |
| २५. | जैकली दर्जी | वडा सदस्य वडा नं.५ | ९८४७७१५५७७ |
| २६. | पार्वती रोका पून | वडा सदस्य वडा नं.५ | ९८६७६९९९३७ |
| २७. | चन्द्रा रोका | वडा सदस्य वडा नं.५ | ९८६६००६५३४ |
| २८. | सन बहादुर वि.क. | स्वकिय सचिव | ९८४७६६२३४२ |

## अनुसूची २

### गाउँ शिक्षा समितिका पदाधिकारीहरु

| सि.नं. | नामथर | पदको विवरण |
|---|---|---|
| १ | धन बहादुर वि.क. | अध्यक्ष |
| २ | गौरीमाया गुरुङ | सदस्य |
| ३ | मन कुमारी दर्जी | सदस्य |
| ४ | खड्क बहादुर वि.क. | सदस्य |
| ५ | दिवश खत्री | सदस्य |
| ६ | गणेश बहादुर घर्ती मगर | सदस्य |
| ७ | लक्ष्मी के.सी. | सदस्य |
| ८ | रती घर्ती पुन | सदस्य |
| ९ | खिरमती घर्ती | सदस्य |
| १० | युवराज शर्मा | सदस्य सचिव |

## अनुसूची ३

### सामाजिक विकास समितिका पदाधिकारीहरु

| सि.नं. | नामथर | पदको विवरण |
|---|---|---|
| १ | जित बहादुर खत्री | संयोजक |
| २ | खड्क बहादुर वि.क. | सदस्य |
| ३ | चन्द्रकली रोका | सदस्य |
| ४ | युवराज शर्मा | सदस्य सचिव |

## अनुसूची ४

### शैक्षिक योजना निर्माण कार्यदल समितिका पदाधिकारीहरु

| सि.नं. | नामथर | पदको विवरण |
|---|---|---|
| १ | जित बहादुर खत्री | संयोजक |
| २ | प्रकाश रोका | सदस्य |

| | | |
|---|---|---|
| **३** | **शिव प्रसाद निउरे** | **सदस्य** |
| **४** | **नईन्द्र बहादुर गुरुङ** | **सदस्य** |
| **५** | **गणेश बहादुर घर्ती मगर** | **सदस्य** |
| **६** | **टेक बहादुर घर्ती** | **सदस्य** |
| **७** | **चित्र प्रसाद घर्ती** | **सदस्य** |
| **८** | **युवराज शर्मा** | **सदस्य सचिव** |

**प्रमुख कार्यसम्पादन सूचकहरू**

**सन्दर्भ सामग्रीहरू**


१. स्थानीय सरकार सञ्चालन ऐन २०७४

२. शिक्षा ऐन २०२८ ( परिमार्जन सहित )

३. शिक्षा नियमावली २०५९ ( परिमार्जन सहित)

४. राष्ट्रिय शिक्षा नीति २०७६

५. शिक्षा क्षेत्रको योजना ( २०२१- २०३० ) नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्र

६. समावेशी शिक्षा नीति २०७३

७. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६

८. राष्ट्रिय समावेशी आयोग ऐन २०७४

९. वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७

१०.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २०७७

११.शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन २०७५

१२.गुणस्तरीय शिक्षा र चुनौतीहरू

१३.प्राविधिक शिक्षा कार्यविधि

१४.सोह्रौं योजना आ.व. २०७६/०७७ – २०८०/०८१

१५. राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६

१६. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५

१७. नेपालको संविधान २०७२

१८.दिगो विकासको लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र २०१६-२०३०

१९. आवधिक विकास योजना (आ.व. २०८१/२०८२-२०८५-८६)

२०. बजेट बक्तव्य २०८०/८१ ताराखोला गाउँपालिका, बागलुङ

२१. बजेट बक्तव्य २०८१/८२ ताराखोला गाउँपालिका, बागलुङ

२२.बजेट बक्तव्य २०८२/८३ ताराखोला गाउँपालिका, बागलुङ

२३. नीति तथा कार्यक्रम २०८०/८१ ताराखोला गाउँपालिका, बागलुङ
२४. नीति तथा कार्यक्रम २०८१/८२  ताराखोला गाउँपालिका, बागलुङ
२५.नीति तथा कार्यक्रम २०८२/८३  ताराखोला गाउँपालिका, बागलुङ